शान्ति प्रक्रियाबारे समीक्षा

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

एसिया ब्रिफिङ नं. १३१
काठमाडौं/ब्रसेल्स, १३ डिसेम्बर २०११

# नेपालको शान्ति प्रक्रिया : टुङ्गिने छाँट देखिएको छ

## १. सिंहावलोकन

नेपालको शान्ति प्रक्रिया अघि बढेर एउटा निश्चित चरणमा पुगेको छ। युद्धविराम भएको पाँच वर्षभन्दा बढ्ता समयपछि बल्ल पार्टीहरू माओवादी लडाकूहरूले शिविर छाड्ने र सेनामा प्रवेश गर्ने वा गैरसैनिक जीवन अँगाल्ने भन्नेबारे सहमतिमा पुगेका छन्। एक अनौपचारिक सहमति बमोजिम अर्को चुनाव नहुँदासम्म सत्ता-साझेदारीको बन्दोबस्त मिलाइएको छ। पार्टीहरूले नयाँ संविधान बनाउने महत्त्वपूर्ण कार्यतर्फ ध्यान दिन थालेका छन्। नयाँ बन्ने संविधानले राज्यलाई बढीभन्दा बढी प्रतिनिधिमूलक र विकेन्द्रीकृत बनाउने गरी राज्यको व्यापक पुनर्संरचना गर्ने अपेक्षा राखिएको छ। तर चुनौतीहरू नरहेका होइनन्, निरन्तर बदलिरहने गठबन्धनको प्रकृति र पार्टीहरूभित्र विद्यमान अन्तरकलह लगायतबाट चुनौतीहरू आउनेछन्। लडाकूहरूबारे थप छलफल गरिनु आवश्यक हुनेछ। सङ्घीयता शान्ति प्रक्रियाका अहम् विषयहरूमध्येमा पर्दछ र यससित सामान्य नेपालीको अपेक्षा एवं चिन्ता दुवै बलियो गरी गाँसिएका छन्। त्यसैले पार्टीहरूले सङ्घीयताउपरको छलफललाई अघि बढाउँदै लाँदा संविधानसभाभित्र र बाहिरका समूहहरूले आफ्ना विकल्पहरू साँघुर्दै गएको पाउनेछन्, जसका कारण शान्ति प्रक्रियामा दबाब पर्न सक्नेछ। तैपनि पार्टीहरूका सामु युद्धलाई औपचारिक तवरमा समाप्त गर्ने र उनीहरूले वाचा गरेका मूलभूत परिवर्तन ल्याउने एउटा उत्तम अवसर उपस्थित भएको छ। त्यसका लागि उनीहरूले दूरगामी सम्झौता गर्ने साहस जुटाउनुपर्छ।

नोभेम्बर १ तारिखमा हुन सकेको सहमति धेरै राजनीतिक नेता तथा गुटहरूबीचका सम्बन्धमा गरिएको पुनर्रेखाङ्कनको परिणाम थियो। त्यसबाट केही खास व्यक्तिहरूको भविष्य सुनिश्चित हुन गयो भने उनीहरूका राजनीतिक लाइनले पनि मान्यता पायो। मुख्य पात्रहरूले आफूसित बाँकी बचेका औजारहरूको उपयोग सम्झौतावार्ताका क्रममा गरे। अवरोध पुऱ्याउने र अलचिलो चालको उपयोगिता समाप्त भइसकेको थियो। माओवादी पार्टीका जडसूत्रवादी गुट लगायत तीनै ठूला पार्टीभित्रका शक्तिकेन्द्रहरू सम्झौतावार्तामा आफूहरूलाई सामेल नगरिएकामा क्रुद्ध छन्। उनीहरूले शान्ति प्रक्रियामा भाँजो हाल्न सक्छन् र प्रक्रियाको गतिलाई सुस्त बनाउन सक्छन्, तर यसलाई पूरै भताभुङ्ग भने पार्न सक्दैनन्। ढिलो या चाँडो एउटा सहमतीय सरकार गठन हुनु अनिवार्य छ, यद्यपि हालको सरकारले राजीनामा दिने हो या प्रतिपक्ष सरकारमा जान्छ जाँदैन त्यो प्रस्ट भइसकेको छैन।

भूमिउपरको स्वामित्वको कस्तो अवस्था छ भन्नेबारे आजसम्म कुनै वस्तुनिष्ठ सर्वेक्षण भएकै छैन र भूमि सुधारसम्बन्धी कुनै पनि नीतिहरू पूर्णतः लागू गरिएका छैनन्। बेपत्ता भएकाबारे सत्य निरूपण तथा मेलमिलाप आयोग अझै गठन गरिएका छैनन्। विस्तृत शान्ति सम्झौतामा उल्लेखित नेपाली सेनाको "प्रजातान्त्रिकरण" अहिलेसम्म तजबिजको विषय बनेको छ र सेनालाई घेरेर बसेका कर्मचारीतन्त्रलाई चिरिच्याट्ट पारेर राख्ने काममा मात्र सीमित रहेको छ, सैन्य सङ्गठनलाई जवाफदेही र सानो आकारको बनाउने कुरामा ध्यानै दिइएको छैन। यस्ता दीर्घकालीन आयोजनाहरूलाई थाँती राख्नु सजिलो छ। तर त्यसो गर्नाले नयाँ बन्ने संविधानको कार्यान्वयन तथा विस्तृत शान्ति सम्झौतामा परिकल्पना गरिएका गम्भीर राजनीतिक सुधारका विषय ओझेलमा पर्न जानेछन् र शान्तिलाई टिकाउ बनाइराख्ने कुरामा पनि त्यसको छाया पर्नेछ। राज्य पुनर्संरचना आवश्यक र टार्न नसकिने विषय भएकोमा मोटामोटी रूपमा सहमति भइसकेको भए तापनि सार्वजनिक तवरमा यो माओवादीहरूले अघि सारेका सङ्घीयताको विवादास्पद परिभाषाउपर वादविवाद गर्ने विषय बन्न पुगेको छ, नेपालीहरू यसबाट कस्तो खालको परिवर्तन चाहन्छन् र कसरी त्यसलाई प्राप्त गर्न सकिन्छ भन्ने होइन।

सत्ता-साझेदारी शान्ति प्रक्रियाको अहिलेसम्मको सबभन्दा गतिलो लाभांशका रूपमा देखिएको छ, यद्यपि नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौतामा यसबारे केही उल्लेख भएको छैन। अगस्ट २०११ मा माओवादी नेतृत्वमा सरकार आउनु त्यस्तो पहिलो कारक थियो जसबाट प्रक्रियाले गति लिन सक्यो। सरकारमा नगएको भए माओवादी पार्टी आफ्नो सेनालाई त्याग्न तयार हुने थिएन। त्यसबाहेक, माओवादीहरू प्रमुख प्रतिपक्ष नेपाली काङ्ग्रेस (नेका) लाई संविधान लेखिसकेपछि बनाइने सरकारको नेतृत्व दिन अनौपचारिक रूपमा तत्पर हुनु पनि महत्त्वको कुरा हो। त्यस्तो सरकार संविधान बनेको केही महिनापछि गठन हुने र त्यसपछिको निर्वाचन त्यसैको मातहतमा हुने कुरा छ। सरकारमा माओवादीहरूका मुख्य साझेदार संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा रहेको छ, जो मधेसवादी पाँचवटा दलहरूको गठबन्धन हो। यस गठबन्धनलाई चोइटिरहने र माओवादी विरोधी मोर्चाका रूपमा हेर्ने गरिन्छ। तर त्यस हेराइलाई मोर्चा र नयाँ सरकारको शक्तिले चुनौती दिएको देखिन्छ। अनि सन् २०११ मा भारतको नीतिमा पनि क्रमिक परिवर्तन आएको देखिएको छ र माओवादीहरूप्रतिको वैरभावपूर्ण व्यवहारको ठाउँ समझदारी र सहयोगले लिएको छ।

नोभेम्बर १ तारिखको सम्झौतापछि माओवादी लडाकूहरूको सर्वेक्षण गरियो र उनीहरूलाई राष्ट्रिय सेनामा समायोजित हुने वा नगद रकमसहितको प्याकेज लिएर स्वेच्छिक अवकाश लिने त्यो छान्न लगाइयो। सम्झौतामा तय गरिएको ६,५०० भन्दा बढी लडाकूहरूले नेपाली सेनामा भर्ना हुन रुचि देखाए। यसले गर्दा सङ्ख्याबारे फेरि सम्झौतावार्ता हुनुपर्ने परिस्थिति उत्पन्न भएको छ। नेपाली सेनामा प्रवेश पाउन प्रत्येक लडाकूले भर्ना योग्यता पूरा गर्नुपर्ने निर्णय भएबाट लडाकूहरूलाई चित्त नबुझेको पनि देखियो। उनीहरूले पाउने दर्जाबारे पनि अझै ठेगान भइसकेको छैन। शारीरिक रूपमा अशक्त लडाकूहरूका चिन्ता र चासोलाई पनि हेर्नुपर्ने हुन्छ। यी विषयहरूमा हुने छलफल लामो समयसम्म तन्किन सक्छ, तर त्यसबाट संविधान लेखन कार्यमा कुनै असर पर्ने छैन।

संविधानसभाको म्याद १ तारिख डिसेम्बरदेखि ६ महिनाका लागि थप गरिएको छ र विवादित तर अन्तरिम संविधानमा व्यवस्था गरिएको राज्य पुनर्संरचना आयोग गठन भएको छ। आयोगले संविधानसभामा यसअघि तयार पारिएका प्रस्तावलाई नै टेकेर अघि बढ्नु पर्नेछ र आफ्ना सिफारिस संविधानसभासमक्ष नै प्रस्तुत गर्नुपर्नेछ। तर आयोगको बनोटलाई हेर्दा महत्त्वपूर्ण निर्णयहरू अन्यत्र नै गरिनेछ अर्थात् उच्च राजनीतिक तहमा गरिनेछ भन्ने देखिन्छ। वास्तवमा ठूला नेताहरू प्रस्तावित सङ्घीय राज्यहरू र प्रणालीबारे टुङ्गोमा पुग्न छलफलमा जुटेका छन्। उनीहरूले नेपालका अनेकौं भाषा र जातीय समूहहरूका ऐतिहासिक पहिचान स्वीकार्नुका साथै उनीहरूउपरका भेदभाव र उनीहरूका अधिकारबीच सन्तुलन ल्याउनुपर्ने हुन्छ।

कुन तरिकाले सम्झौतावार्ता गरिन्छ त्यो प्रक्रिया त्यतिकै महत्त्वको हुन्छ जति त्यसको परिणाम। ऐतिहासिक रूपमा पाखा पारिएका समुदायहरू, मूलधारका पार्टीहरूमा तिनका प्रतिनिधिहरू र अन्य जातीय समूहहरूलाई सम्झौतावार्ताका निर्णयहरूबारे जानकारी दिने मात्र होइन तिनलाई वार्तामा सामेल पनि गराउनुपर्छ। सङ्घीयता सम्बन्धमा केन्द्रीकृत र माथिबाट लादिने खालका निर्णयहरूलाई काठमाडौंबाहिर सजिलै लागू गराउन सकिँदैन। काठमाडौंबाहिर पहिचानमा आधारित समूहहरू र सङ्घीयतामाथि शङ्काको दृष्टि राख्नेहरू परिचालित भइराखेका छन्। प्रस्तावित संवैधानिक प्रावधानहरूबारे जनतासित परामर्श गरिनुपर्छ। यस्तो अभ्यासलाई केवल औपचारिकता पुऱ्याउने काम नठानी पार्टीहरूले यसलाई विभिन्न समूहहरूको सहमति बढाउने उपायका रूपमा हेर्नुपर्ने हुन्छ।

भविष्यको परिदृश्यले प्रस्ट आकार लिँदैजाँदाखेरि परम्परागत रूपमा शक्तिशाली रहेका संविधानसभाबाहिरका समूहहरूबाट प्रतिरोध आउन सक्छ, किनभने उनीहरू प्रस्तावित परिवर्तनलाई अरूलाई फाइदा र आफूलाई घाटा हुने खेलका रूपमा हेरिरहेका छन्। त्यसबाहेक सङ्घीयता विरोधी छासमिसे समूहहरू, धर्मनिरपेक्षताको विरोध गर्ने हिन्दू समूहहरू तथा राजावादीहरूबाट पनि प्रतिरोध आउन सक्छ। यस प्रक्रियाबाट संविधानसभाभित्रका पार्टीहरू तथा तिनका गुट, उपगुटहरूले पनि सकेसम्म फाइदा उठाउन खोज्नेछन्। दक्षिणपन्थी संसदीय पार्टीहरू पनि गोलबन्द भइरहेका छन्। धेरैमा छलफलद्वारा निष्कर्षमा पुग्नेभन्दा जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय र वर्गीय आधारमा सामाजिक ध्रुवीकरणलाई तिखार्ने रहर जाग्न सक्छ, जुन विभेदलाई घटाउने अभिप्राय शान्ति प्रक्रियाको रहेको छ।

शान्ति प्रक्रिया भनेको पूरै विस्तृत शान्ति सम्झौता नभई अनौपचारिक तहमा माओवादी लडाकूहरूसित सम्बन्धित विषय जस्तो मात्र देखिन पुगेको छ। राजनीतिक नेताहरूले संविधान लेखनलाई अत्यन्त जरुरी विषय अवश्य मानेका छन्, तर उनीहरू थकान महसुस गरिरहेका छन् र यस प्रक्रियालाई सकेसम्म चाँडो टुङ्ग्याउन चाहन्छन्, जसले गर्दा नेपाललाई यथावत् रूपमा ल्याउन सकियोस्। नेपाली सेनाको लोकतान्त्रिकरण गर्ने प्रतिबद्धतालाई परित्याग गर्ने काम अहिले नै भइसकेको छ। भूमिसुधार आयोग बनाउने कुराले पनि हावा खाइसकेको छ। युद्धकालमा भएका ज्यादतीबारे निसाफ दिलाउने विषयबारे सक्रिय हुने जाँगर पनि सम्बन्धित पात्रहरूमा देखिँदैन। यी विषय तथा सङ्घीयतासम्बन्धी जटिलताका सान्दर्भिकता मूलधारका पार्टीहरूले तिनलाई बेवास्ता गर्दैमा हराएर जाने छैनन्। आउँदा महिनाहरूमा तिनका कारणबाट जनपरिचालन वा हिंसा हुन्छ वा हुँदैन त्यो भन्न नसकिए पनि अर्को आमनिर्वाचन हुनुअगाडिको समयमा भने यिनले अतिशय महत्त्व राख्नेछन्। आफ्नो सान्दर्भिकता कायम राख्ने हो भने नेपालको राजनीतिक वर्गले यस सम्बन्धमा केही कठोर निर्णयहरू तत्काल लिनु जरुरी छ।

## २. नयाँ सम्झौता, नयाँ चुनौतीहरू

नोभेम्बर १ तारिखको सम्झौताले पहिलो पटक माओवादी लडाकूहरूका अघिल्तिर समायोजन र पुनःस्थापनका विकल्पहरूलाई प्रस्टसित राखिदियो र विस्तृत शान्ति सम्झौताका केही मुख्य प्रतिबद्धताहरूलाई पनि फेरि जगाइदियो।[१] माओवादीहरूका लागि यो सम्झौता उनीहरूका पार्टी आफ्नो सेना छाड्न पहिलेदेखि नै तयार रहेको थियो भन्ने तत्परताको प्रदर्शन थियो। नेका र अन्य पार्टीहरूका लागि केही माओवादी लडाकूहरूलाई नेपाली सेनामा समायोजित नगरी

[१] विकसित राजनीतिक परिदृश्य, शान्ति प्रक्रियाका मुद्दाहरू र शक्ति बाँडफाँडबीच अन्तर्सम्बन्ध तथा माओवादी सेना र सविधानसभासँग सम्बन्धित विषयहरूबारे हेर्नुहोस् क्राइसिस ग्रुपका रिपोर्टहरू एसिया ब्रिफिङ नं .१२० , *नेपालको लागछ्राड शान्ति प्रक्रिया,* ७ अप्रिल २०११; तथा एसिया रिपोर्ट नं . २११, *नेपालदुइटा सेनाबाट एउटा :*; १८ अगस्ट २०११। नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौता, अप्रिल २००८ मा भएको संविधानसभाको निर्वाचन र त्यसपछि लामो समयसम्म तन्केको गतिरोधबारे हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं १२६, *Nepal's Peace Agreement: Making it Work,* १५ डिसेम्बर २००६१५५ एसिया रिपोर्ट नं ;, *नेपालको चुनावशान्तिपूर्ण क्रान्ति :*, ३ जुलाई २००८१५६ एसिया रिपोर्ट नं ;, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८२११ र एसिया रिपोर्ट नं ;, *नेपालको भविष्यः कसको हातमा?*, १३ अगस्ट २००९। *Nepal's Peace Agreement: Making it Work* शीर्षकको रिपोर्टबाहेक सबैको पूर्ण नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छ।

सुख छैन र यस कुरालाई तन्काइराख्नाले फाइदा छैन भन्ने कुराको स्वीकारोक्ति थियो।[२] यो सम्झौता माओवादी लडाकूहरूका लागि अति महत्त्वको थियो, किनभने उनीहरूको भविष्य पाँच वर्षदेखि अनिश्चितताको भुमरीमा परेको थियो। बृहत्तर सन्दर्भमा हेर्दा यस सम्झौताले संविधान लेखनको मार्ग प्रशस्त गरेको छ, जुन कुरा मुलुकमा दुईवटा सेना रहँदासम्म सम्भव थिएन।

जनमुक्ति सेना विघटन गर्ने सम्बन्धमा कुनै सम्झौता गर्नुअघि सरकार आफ्नो हातमा हुनुपर्छ भन्ने कुरामा माओवादी पार्टी प्रस्ट थियो। अन्य पार्टीहरू तथा नयाँ दिल्लीसमेत माओवादी सरकारलाई पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले हाँक्नु हुँदैन भन्ने कुरामा पनि उत्तिकै प्रस्ट थिए। किनभने प्रधाममन्त्री छँदा उनी अभरिला र अडबाङ्गे रहेका उनीहरूको बुझाइ थियो।[३] उनीहरूका लागि र वरिष्ठ उपाध्यक्ष मोहन वैद्य 'किरण'ले नेतृत्व गरेको माओवादी पार्टीभित्रको खेमाका लागि पनि प्रचण्ड हेरी वरिष्ठ नेता बाबुराम भट्टराई स्वीकारयोग्य विकल्प ठहरिए। 'किरण' खेमालाई प्रचण्डले पार्टीलाई बढ्तै नियन्त्रण गरिरहेका छन् भन्ने लागेको थियो।[४]

सरकारको नेतृत्व गरेको हुनाले माओवादीहरूका लागि सम्झौताबारे आफ्ना लडाकूहरूलाई चित्त बुझाउन सजिलो हुने थियो र त्यसको कार्यान्वयनमा पनि उनीहरूको हात माथि रहने थियो।[५] नोभेम्बर १ तारिखको सम्झौता नहुँदो हो त माओवादी पार्टीले शिविरहरू सम्बन्धमा "एकतर्फी" कदम चाल्ने थियो र संविधान लेखनलाई सुनिश्चित गर्न आफू जुनसुकै बलिदान गर्न र अरू पार्टीहरूसित हात मिलाउन तत्पर रहेको तर्क दिने थियो। सम्झौता भए पनि नभए पनि माओवादीहरूले जस पाउने थिए। वास्तवमा जनमुक्ति सेनाबारे केही गर्नु मेलमिलापको सङ्केत मात्र नभएर माओवादीहरूका लागि त्यो बाध्यता पनि थियो। जनमुक्ति सेनाको राजनीतिक उपयोगिता खस्किँदै गएको थियो र माओवादीका लागि त्यो घाँडो हुने सम्भावना बढ्दै गएको थियो।[६] तसर्थ लडाकूहरूको भविष्यबारे सम्झौता गर्नलाई यो समय उपयुक्त थियो र यसबाट केही फाइदा पनि लिन सकिन्थ्यो।

शान्ति प्रक्रियाका सम्झौताहरूलाई रोक्ने र अड्काउने काममा नेका एक हदसम्म पुग्यो। तर सन् २०११ मा माओवादीहरू जनमुक्ति सेनाबारे आवश्यक परे एकतर्फी हिसाबले नै केही गर्छौं भनी पत्यारिलो

---

[२] अधिकतम ६,५०० लडाकूहरू नेपाली सेनाको नयाँ निर्देशनालयअन्तर्गत समायोजित हुनेछन् जसको जिम्मेवारी वन तथा औद्योगिक सुरक्षा, विकास निर्माणमा सहभागिता र सङ्कट व्यवस्थापन गर्नु हुनेछ। नेपाली सेनाको भर्ती प्रक्रियाका कतिपय नियम वा मापदण्डहरू जस्तै वैवाहिक अवस्था, उमेर र शैक्षिक स्तरमा केही लचकता अपनाइनेछ। समायोजित हुने लडाकूको सङ्ख्या जतिसुकै भए पनि नयाँ निर्देशनालायमा तिनको सङ्ख्या ३५ प्रतिशत मात्र हुनेछ बाँकी सङ्ख्या नेपाली सेनाका अन्य एकाइबाट आपूर्ति गरिनेछ। , पुनःस्थापन रोज्ने लडाकूहरूका लागि दिइने एकमुष्ट नगदका बारेमा पनि सहमति जुटिसकेको छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालदुइटा : सेनाबाट एउटा,* माथि उल्लेखित। सहमति भएका अरू कुरामा विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २००७ को मातहतमा रही द्वन्द्वकालका घटनाहरूलाई समेट्ने गरी बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने तथा द्वन्द्व पीडितहरूलाई दिइने राहतका कुरा पर्दछन्। राहत तथा न्याय सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट नं१८४ ., *नेपालः शान्ति र न्याय,* १४ जनवरी २०१०, तथा *नेपालट एउटादुइटा सेनाबा :,* माथि उल्लेखित। शान्ति प्रक्रिया र संविधान लेखनको काम अगाडि बढ्दै गर्दा सहमतिको सरकार गठन गर्न पनि पार्टीहरू सहमत भएका छन्। तर कुन काम पहिले गर्ने भन्ने ठेगान नभएको हुँदा त्यसबाट असहमति जन्मने बाटो खुलै रहेको छ। त्यसरी नै भूमिसुधार कसरी लागू गरिनेछ भन्नेबारेमा कुनै प्रस्टता छैन यद्यपि विस्तृत शान्ति सम्झौतामा भूमिसुधार आयोग खडा गरिने कुरा उल्लेख भएको छ। अन्त्यमा, अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताले माओवादी लडाकूहरूको समायोजन तथा पुनस्थापन र नेपाली सेनाको लोकतान्त्रिकरणलाई समानान्तर : दिइएको छरूपमा महत्त्व, तर पछिल्लो कुराबारे नयाँ सहमतिमा कतै उल्लेख गरिएको छैन।

[३] अप्रिल २००९ मा सेनाप्रमुखलाई हटाउने निर्णय तथा नेपालको आर्थिक तथा राजनीतिक क्षेत्रमा भारतको प्रभावलाई कम गर्न प्रचण्डले चीनसँग निकट हुन प्रयास गरेको देखिएबाट उनी अस्वीकार्य बन्दै गए र त्यही नै मे २००९ देखि २०११ को सुरुसम्म सरकारमा जानबाट तथा नीति निर्माणका तहबाट माओवादी किनारमा धकेलिने कारण बन्यो। यसको पृष्ठभूमिबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?,* तथा ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[४]पार्टीमा प्रचण्ड नै सबभन्दा प्रभावशाली नेता रहेका छन्तापनि माओवादीका , मा उनलाई लगातार चुनौती दिइरहे र २०११ केही वरिष्ठ नेताहरूले सन् पार्टीको निर्णय प्रक्रिया प्रजातान्त्रिक हुनुपर्ने माग गरिरहे। यस खण्डको बाँकी ग्रुपले नेका भाग क्राइसिस, माओवादी पार्टी, मधेसी दलहरू, नेकपा एमालेलगायतका दलका नेताहरू, पत्रकारहरू भारतीय अधिकारीहरू तथा पर्यवेक्षकहरूसँग काठमाडौं तथा नयाँ दिल्लीमा अगस्ट-नोभेम्बर २०११ मा लिएको अन्तर्वार्तामा अधारित छ।

[५] मोटामोटी हिसाबले हेर्दा पछिल्लो सहमतिको अन्त्यको थालनी फेब्रुअरी २०११ मा एमाले अध्यक्ष झलनाथ खनालको नेतृत्वमा एमालेमाओवादी - सरक ार गठन भएपछि भएको हो। माओवादीहरू सरकारमा एकै पटक नभई क्रमिक रूपमा आए। एमालेको कनिष्ठ साझेदारका रूपमा सरकारमा सहभागी भएकाले उनीहरूले अरू पात्रहरूलाई गरेको व्यवहार र लचकता बढी विश्वासनीय र मेलमिलापपूर्ण देखिन गयो। त्यसपछि मे २०११ मा संविधानसभाको म्याद ३ महिना थप्नका लागि पार्टीहरूले सहमति गरे। माओवादीहरूले पूरापूर समर्थन गरेको त्यस सहमति अनुसार राष्ट्रिय सरकार गठन गर्नालाई झलनाथ खनालले राजीनामा दिएर बाटो सफा गर्ने कुरा थियो। यसको अर्थ अगस्टको अन्त्यमा संविधानसभाको म्याद पुनः थप्नु अगाडि सहमतीय सरकार बने पनि नबने पनि सरकार परिवर्तन गरिनुपर्ने थियो। जुलाईमा माओवादी केन्द्रीय समितिले आफ्ना तर्फबाट भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णयमा पुग्यो जसले गर्दा शीर्ष नेताहरूबीचको तनाव कम भयो। त्यसको केही सातापछि नै मधेसी मोर्चासँग गठबन्धन बन्यो जसको समर्थनमा अगस्ट महिनाको आखिरीतिर बाबुराम भट्टराई प्रधानमन्त्री निर्वाचित भए। संविधानसभाको म्याद अर्को तीन महिनाका लागि कुनै झैझन्झटबिना थपियो र माओवादीहरूले शान्ति प्रक्रिया अगाडि बढाउने अवसर पाए।

[६] माओवादी लडाकूभित्र देखिएको असन्तुष्टिका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा सेनाबाट एउटा :,* माथि उल्लेखित।

पाराले बोल्न थालेका थिए र माओवादी- मधेसी गठबन्धन बलियो देखिएको थियो। त्यसबाहेक, माओवादी विरोधी अडानले भारतको थोक समर्थन पाउने अवस्था थिएन। संविधानसभाको विघटन गर्ने, केही समयका लागि राष्ट्रपति शासन लागू गर्ने, नयाँ आमचुनाव गर्ने जस्ता शान्ति प्रक्रियाका विकल्पका रूपमा विगत दुई वर्षदेखि बेलाबखत निस्केका विचारहरू मे २०११ मा संविधानसभाको म्याद थपिनासाथ एकाएक बिलाएर गए। सबैजसो पार्टीहरू आफ्नै अन्तरकलहमा अल्झिएका हुनाले निर्धारित मार्गको परिवर्तनबाट लाभ उठाउन सक्ने अवस्थामा उनीहरू थिएनन्। नेपाली सेना फेरि भिड्ने मनस्थितिमा थिएन र शान्ति प्रक्रियालाई लत्याइएको खण्डमा अन्तर्राष्ट्रिय समर्थन पनि मिल्नेवाला थिएन। मे २०११ तिर आइपुग्दा पार्टीहरू माओवादीहरूले जनमुक्ति सेनाका हातहतियार कहिलेसम्ममा सरकारलाई बुझाउने हो र सरकारको नेतृत्व कसरी पालैपालो पार्टीहरूले लिने हो भन्ने जस्ता मिहिन कुरामा छलफल गर्न थालिसकेका थिए।[७] अगस्ट २०११ मा भट्टराई प्रधानमन्त्री चुनिँदा पार्टीहरू ज्यादै थकित अवस्थामा देखिन्थे, यतिविघ्न थकित उनीहरू यसअघि कहिल्यै देखिएका थिएनन्।

लडाकूहरूका सम्बन्धमा केही प्रगति हुनासाथ आफ्नो पकड कमजोर हुन्छ भन्ने डर नेकालाई हुनु स्वाभाविक थियो, तर जनमुक्ति सेनाबारे केही न केही गर्नु पनि अति जरुरी भइसकेको थियो। यो परिस्थिति विशेषतः नेकाका लागि महत्त्वपूर्ण थियो, नेकाका नेताहरूले जनमुक्ति सेनाको विघटन र संविधान आएपछिको अवस्थामा आफ्नो भूमिकाबारे सोच्न थालिसकेका थिए। व्यक्तिगत तवरमा नेताहरू आफ्नो निजी राजनीतिक भविष्यका साथै पार्टीले चुनावमा कस्तो गर्ला भनेर चिन्तित हुँदै गएका छन्। गुटबन्दीले गर्दा धेरै जना ठूला नेताहरूको पकड कमजोर हुन गएको छ र कतिपय अरूको राजनीतिक यात्रालाई सुस्त बनाइदिएको छ। प्रक्रियालाई बिथोलेको श्रेय लिने वा दूरदर्शी राजनीतिज्ञले झैं महान् योगदान गरेर त्यसको राजनीतिक लाभ लिने जस्ता अमूर्त कुराले तत्काल र निश्चित लाभ दिन सक्दैन। तर शान्ति प्रक्रियालाई अघि बढाउनाले अनुभूत गर्न सकिने लाभ प्राप्त हुन सक्छः सरकारमा हिस्सेदारी मिल्न सक्छ र निजी तथा पार्टीको पहुँचलाई विस्तार गर्न सकिन्छ।

यस्तो सन्दर्भमा भएको नयाँ सम्झौता गराउने अघिसराहरूमा केही तिनै पात्र थिए जसले सन् २००५ को मूल बाह्र बुँदे सम्झौताका लागि पार्टीहरूलाई एक ठाउँमा ल्याएका थिए।[८] सन् २००५ मा झैं यस पटकको सम्झौतामा पनि भारतको सहयोग रहेको थियो। यसमा महत्त्वपूर्ण भूमिका खेल्ने अर्को पात्र नेपाली सेना थियो। वार्ता टेबुलमा सेनाले औपचारिक स्थान त लिएको थिएन, तर त्यसमा भएका एक/एक कुराबारे सेनाका उच्च तहका जर्नेलहरूलाई अवगत गराइएको थियो।[९]

यस गणितबाट माओवादीहरूलाई मात्र फाइदा हुनेछ भन्न त गाह्रो छ। तर नोभेम्बर १ तारिखको सम्झौताले शान्ति प्रक्रियालाई देशभित्र र बाहिरका शङ्कालुहरूसामु जायज ठहऱ्याएर देखाइदियो। यसले सबभन्दा महत्त्वपूर्ण पार्टीका रूपमा माओवादीहरूको स्थानलाई झन् खँदिलो बनाइदियो र माओवादीहरूको नेतृत्वबिना शान्ति प्रक्रिया धर्मराउँछ भन्ने पनि प्रस्ट्याइदियो। समायोजन र पुनःस्थापनसम्बन्धी मसिना कुराहरूबाट लडाकूहरूमा र पार्टीभित्रकै जडसूत्रवादी खेमामा पनि आक्रोश पैदा भएको छ। पार्टीको त्यस खेमामा किरण र अन्य केही वरिष्ठ नेताहरू पर्दछन्। लडाकूहरू यो सम्झौता आफ्नो हकमा नभएको ठान्दछन्, खासगरी समायोजनको सन्दर्भमा। किरण खेमाका लागि सम्झौताका प्रावधानहरू "अपमानजनक" छन् र उनीहरूका दृष्टिमा नेपाली सेनालाई लोकतान्त्रिकरण गर्ने प्रतिबद्धतालाई परित्याग गर्नाले पार्टीले क्रान्तिकारी होइन संशोधनवादी लक्षण देखाएको छ।[१०]

यस प्रकारको परिस्थितिमा सम्झौता गरिएको भए पनि यसबाट पार्टीले सरकारको नेतृत्व गर्नेबाहेक अरू फाइदा भने अहिलेसम्म उठाउन सकेको छैन। पार्टी र जनमुक्ति सेनाभित्र देखिएको असन्तुष्टिलाई शान्ति प्रक्रियाप्रतिको सोझो अस्वीकृति भन्न मिल्दैन। तर यसबाट नेतृत्वले मूल उद्देश्यलाई परित्याग गर्न सक्दैन र लडाकूहरूको चिन्ता-सरोकारलाई बेवास्ता पनि गर्न सक्दैन भन्ने कुराको चेतावनी झल्किन्छ। पार्टीको "संस्थापना" पक्ष घुमाउरो पाराले के तर्क गर्छन् भने जनमुक्ति सेनालाई परित्याग गर्नु वा अझ "बलिदान" गर्नु शान्ति प्रक्रियालाई कायम राख्नका लागि र त्यसभन्दा ठूलो लक्ष्य नयाँ संविधान बनाउनका लागि जरुरी छ। जनमुक्ति सेनाका एक जना डिभिजन कमाण्डरले क्राइसिस ग्रुपलाई यसो भने, "जनमुक्ति सेना रहने छैन। तर यसले नयाँ संविधानका लागि बाटो खुला गरिदिएको छ र संविधानमार्फत यो इतिहासको एउटा हिस्सा हुनेछ।"[११] भट्टराई र प्रचण्डले धेरै लडाकू तथा पार्टी कार्यकर्ताहरूलाई टाढिनबाट रोक्ने हो र पार्टीभित्रका आफ्ना प्रतिद्वन्द्वीहरूको रोषलाई मत्थर पार्ने हो भने दुईवटा मोर्चामा सावधानीपूर्वक सम्झौतावार्ता गर्नु आवश्यक छ —

---

[७] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा सेनाबाट एउटा* :; माथि उल्लेखित।

[८] सन् २००५ मा गरिएको १२ बुँदे सम्झौताले सन् २००६ को अप्रिलमा भएको जनआन्दोलनका लागि मार्ग प्रशस्त गऱ्यो जसका कारण राजा विस्थापित भए, युद्धविराम हुन गयो र अन्त्यमा शान्ति प्रक्रिया आरम्भ भयो।

[९] सम्झौतावार्ताबारे नेपाली सेनालाई सूचित गरिएको मात्र थिएनअपितु , को सुरुतिर सेनाले तयार पारेको अवधारणा २०११ मा सन्समायोजन सम्बन्ध प्रस्तावमा टेकेर नै यो सहमतिभएको थियो। यसका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा सेनाबाट एउटा* :; माथि उल्लेखित। सेनाको लोकतान्त्रिकरण गर्ने, यसको आकार घटाउने र यसलाई अझ पारदर्शी, समावेशी तथा धान्न सकिने बनाउने जस्ता विषयहरूले पार्टी र नेपाली सेनाबीचको संवादमा कहिल्यै प्रवेश पाएन।

[१०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताजनमुक्ति सेनाका चितवन ,, रोल्पा, सुर्खेत र कैलालीस्थित तेस्रो, पाँचौं, छैटौं र सातौं डिभिजनका शिविरहरूमा रहेका लडाकूहरू म्बरनोभे २१-१८ ,२०११।

[११] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता" धनबहादुर मास्की ,राजेश चितवनको ," शक्तिखोरस्थित जनमुक्ति सेनाको तेस्रो डिभिजनका कमाण्डर ,१८ नाभेम्बर ।2011

संविधानसभाभित्र सङ्घीयता र पार्टीभित्र सत्ता-साझेदारी तथा निर्णयकारी अधिकारबारे।

शान्ति प्रक्रियाको विकास गतिलाई कायम राख्ने हो भने माओवादीहरूले आफ्ना गठबन्धनकारी शक्तिहरूलाई साथमा लिइराख्नुपर्छ र आफूले दिएका वचनहरूलाई पूरा गर्नुपर्छ। सरकारमा गएर मधेसी मोर्चाले धेरै मन्त्रालयहरू हात पारेको छ र अरू पार्टीहरू हेरी मधेसवादी पार्टीहरू तथा माओवादीहरूको सङ्घीयताप्रति साझा प्रतिबद्धता रहेको छ। माओवादी-मधेसी गठबन्धनको शक्ति यस कुरामा र मोर्चाका घटकहरू एक जुट रहन सक्ने क्षमतामा टिकेको छ। शान्ति प्रक्रियामा अर्को लामो गतिरोध नचाहने हो भने प्रचण्डले देशलाई नेतृत्व दिने आफ्नो महत्त्वाकाङ्क्षामाथि लगाम लगाउनुपर्छ। उनले नेका सभापति सुशील कोइरालालाई भट्टराईको नेतृत्वमा नयाँ संविधानको घोषणा भएपछि वचनअनुसार अर्को सरकारको नेतृत्व नेकाले गर्न पाउनेछ र त्यसै सरकारले आमचुनाव गराउनेछ भनी पुनःआश्वस्त तुल्याउनुपर्ने हुन्छ। नेका सदस्यहरूले क्राइसिस ग्रुप सामुन्ने खुलस्त हुँदै अर्को चुनावअघि उनीहरूका पार्टी सरकारमा जान नसक्ने र राज्यको शक्ति तथा स्रोतमा पार्टीको पहुँच हुन नसक्ने उनीहरूलाई डर भएको बताए।[१२] माओवादीहरूले निजी तथा अनौपचारिक तवरमा त्यो वचन दिएका थिए र यसरी गुपचुप गरिएका सम्झौताहरूको व्याख्या बेग्लाबेग्लै किसिमले हुने गरेको हालका वर्षहरूमा देखिएको छ।

जनमुक्ति सेनाबारेको गतिलाई कायम राख्ने र संवैधानिक विषयहरूमा छलफल चलाउने कामका साथसाथै कहिले र कसरी राष्ट्रिय एकताको सरकार बनाउने हो त्यसबारे पनि पार्टीहरूले निर्णय गर्नुपर्छ। अहिलेको सरकारले राजीनामा दिएर अर्को नयाँ सरकार गठन गर्नुपर्ने हो वा प्रतिपक्षमा रहेका नेका र एमाले भट्टराईले नेतृत्व गरेको सरकारमा सामेल हुनेछन् त्यसमा विवाद छ। यदि नेका र एमाले अहिलेको सरकारमा सामेल हुने हो भने मन्त्रालयको बाँडफाँडले अरू कामलाई ठप्प पारिदिनेछ। फेरि त्यस्तो सरकारको नेतृत्व नेकाले गर्ने हो कि त्यो पनि प्रस्ट छैन।

## ३. शिविरहरूको मनोदशा

### क. नेपाली सेनामा समायोजन कि नगद?

नोभेम्बर १ तारिखको सम्झौताले पहिलो पटक जनमुक्ति सेनाका सदस्यहरूलाई दिइने विकल्पहरूको विवरण उपलब्ध गरायो। यसबाट माओवादी लडाकूहरूको सुपरीवेक्षण, समायोजन र पुनःस्थापन सम्बन्धमा बनेको बहुदलीय विशेष समितिले शिविरहरूमा गएर "पुनर्वर्गीकरण" थाल्न सक्यो। माओवादी सेनाका सदस्यहरूलाई नेपाली सेनामा जाने, नगद पैसा लिएर स्वेच्छिक अवकाशमा जाने वा पुनःस्थापन रोज्ने भनेर सोधियो।[१३] ९,००० भन्दा बढीले नेपाली सेनामा प्रवेश गर्न चाहे, ७,००० चानचुनले अवकाश लिन चाहे भने पुनःस्थापनको विकल्प रोज्नेमा केवल ६ जना थिए। जनमुक्ति सेनाका १९,६०० प्रमाणित लडाकूहरूमध्ये २,६०० लडाकू पुनर्वर्गीकरणका बेला उपस्थित भएनन्। लडाकूहरूलाई विभिन्न समूहमा छुट्याइनेछ र नेपाली सेनामा मिसाउन अघि उनीहरूलाई प्रशिक्षण दिइनेछ, अवकाश रोज्नेहरूले नगद पाउने छन् वा पुनःस्थापन कार्यक्रमअन्तर्गत उनीहरूलाई थप तालिमहरू दिइनेछ। यसप्रकार लडाकूहरू जनमुक्ति सेनाको कमान्डबाट अलग्गिने छन् र माओवादी सेनाको विघटन हुनेछ।

केही व्यवधानहरू विशेष समितिको सचिवालय शिविरहरूमा जाँदाखेरि नै देखा परेका थिए। क्राइसिस ग्रुपले सातमध्ये चार शिविरहरूमा प्रारम्भिक चरणमा पुनर्वर्गीकरण प्रक्रियाका लागि ढिलो तयारी थालिएको पायो। लडाकूहरूले जनमुक्ति सेनाको विघटन प्रक्रियालाई अघि बढाउनुपर्छ भन्ने बुझेका थिए, तर उनीहरू आफ्नो भविष्यबारे पनि चिन्तित थिए। माओवादी नेताहरूले सम्झौता गर्दा लडाकूहरूको हितउपर चाहिने जति ध्यान नदिएको भन्ने भावना व्याप्त देखिन्थ्यो। धेरैजसो लडाकूहरूले हरेक विकल्पका फाइदा-बेफाइदालाई हिसाब गरेर हेरेका थिए। उनीहरू काठमाडौंका सम्भ्रान्त वर्ग र दातृ संस्थाहरूले सोचे जस्तै अशिक्षित, पाखे वा दिमाग भुटिएका लडाकूहरू नभई कठिन निर्णय लिन तयार प्रतिबद्ध व्यक्तिहरू थिए।

लडाकूहरू तिनका नेताहरूले सन् २००७ मा प्रमाणीकरण हुँदाका बखतको दर्जा र शैक्षिक योग्यताका आधारमा नेपाली सेनामा प्रवेश र दर्जा मिल्ने नेकाको मागलाई स्वीकारेकामा उनीहरूप्रति क्रुद्ध थिए। नेकाको भनाइमा समायोजननिम्ति नेपाली सेनाको भर्ना र दर्जासम्बन्धी विद्यमान नियममा लचकता प्रदान गरिनु नै ठूलो कुरा भएकाले लडाकूहरूले उनीहरूको अहिलेको योग्यताअनुसारको दर्जा खोज्नु जायज होइन। तर १९,५०० माओवादी लडाकूहरूमध्ये अधिकांशले बितेका चार वर्ष अध्ययनमा लगाएका थिए र धेरैको बढुवा पनि भएको थियो। भूतपूर्व माओवादी लडाकूले नेपाली सेनामा समायोजित भएपछि पाउने सबभन्दा माथ्लो दर्जा के हो त्यसबारे पनि निधो भइसकेको छैन।[१४] सचिवालय लडाकूहरूको परिचयपत्रमा पहिलेको र अहिलेको

[१२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता ,काठमाडौं ,नेका केन्द्रीय समिति सदस्यहरू , ।2011 अक्टोबर ,सेप्टेम्बर ,अगस्ट

[१३] सन् २००७ मा माओवादी सेनाका सदस्यहरू यसै प्रकार अनमिनद्वारा प्रमाणित गरिएका थिए। विस्तृत विवरणका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा सेनाबाट एउटा :*, माथि उल्लेखित।

[१४] विशेष समितिका सदस्यहरूले भनेअनुसार नेपाली सेना माओवादीका लडाकूहरूलाई सेनानी (मेजर) सम्मका पद दिन तयार भए पनि महासेनानी (कर्णेल) सम्मको एउटा पद मिल्ने सम्भावना अझै सम्भव छ। यो पनि यसरी कर्णेल हुने व्यक्तिको थप पदोन्नति नहुने या उसले छिटै अवकाश लिने अनौपचारिक सहमति भएपछि मात्रै। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताविशेष , " ।२०११ नोभेम्बर ,दस्यसमितिका सहामीले नेपाली सेनामा जर्नेल हुनाका लागि लडेका होइनौं। तर यो कुरा (केही लडाकूहरूलाई उच्च दर्जा दिने कुरा) "हामीले युद्ध हारेका थिएनौं भन्ने तथ्यलाई स्थापित गराउनका लागि हो, एक

दर्जा तथा शैक्षिक योग्यता उल्लेख गर्न राजी भयो। सङ्ख्या, दर्जा र शैक्षिक योग्यता सम्बन्धमा अन्तिम निर्णय राजनीतिक तहमा लिइनु पर्नेछ र त्यसउपरको छलफल जटिल हुन सक्छ।

पुनर्वर्गीकरणको समयमा अनुपस्थित रहेका २,६०० लडाकूहरूले लिएका तलब-भत्ताको रकमबारे माओवादीहरूले अरू पार्टीहरूको दबाब झेल्नुपर्ने हुन्छ। गैरमाओवादी पार्टीहरूले सधैं नै प्रमाणीकरण भएका लडाकूहरूको सङ्ख्या भन्दा कम लडाकूहरू शिविरहरूमा बसेका छन् र उनीहरूको तलब रकम अन्यत्रै मोडिएको छ भन्दै आएका छन्। अहिले उनीहरू माओवादी पार्टीले त्यो रकम फिर्ता गर्नुपर्छ भनिराखेका छन्। तर ती लडाकूहरू कहिलेदेखि शिविरमा रहन छाडेका हुन् र पुनर्वर्गीकरणको समयमा कति जना कति समयपछि शिविर फर्केका हुन् त्यो ठेगान गर्ने कुनै उपाय छैन।[१५]

अबको सौदाबाजी सङ्ख्याबारेमा हुनेछ। धेरै माओवादी लडाकूहरूका दृष्टिमा नेपाली सेनाले स्थायित्व, जागिरको सुरक्षा र पेन्सन प्रदान गर्दछ। त्यसबाहेक एक जना लडाकूले भने, "म तन्नेरी छु। म अझै देशका लागि केही गर्नु सक्छु। म लडाकू हुँ, त्यसैले म सेनामा जान चाहन्छु"।"[१६]

तर समायोजनको पक्षमा यति धेरै लडाकू ओइरिने कारण कर्तव्यबोधको भावना र वृत्तिविकासको उद्देश्य मात्र होइन। कतिपय लडाकूहरूले सम्झौता गर्ने नेताहरूप्रति मोह भङ्ग भएका कारणबाट पनि समायोजन रोजेका छन्। केही लडाकूहरूले सम्झौताउपर असन्तुष्टि जनाए र सर्वेक्षण नै नगरी पहिलेबाटै सङ्ख्या तोक्ने काम विवेकसम्मत नभएको बताए। एक जना लडाकूले भने, "उनीहरूले (माओवादी नेताहरूले) हामी कति जना सेनामा जाने भनेर ठेगान गरे र शैक्षिक योग्यताबारे नेकाको कुरालाई। अब अहिले आएर उनीहरू हामीलाई सोध्दैछन्। त्यसैले केही साथीहरू आफ्नो धारणा राख्दैछन् र सेनामा जान योग्य नभए पनि समायोजन रोज्दैछन्।केही बच्चाका आमा छन्, केही अपाङ्ग छन्।"[१७]

जनमुक्ति सेनाका १० देखि १५ प्रतिशत सदस्यहरू अपाङ्ग वा शारीरिक तवरमा अशक्त छन्। उनीहरूलाई चाहिएको कुरा कुनै पनि विकल्पबाट नमिल्ने हुनाले उनीहरूले आन्दोलन गर्ने बताएका छन्।[१८] त्यसैगरी महिला लडाकूहरूसामु पनि सीमित विकल्प छन्। लगभग ४,००० महिला लडाकूहरूमध्ये धेरै जना विवाहित छन् र कम्तीमा पनि आधा जतिका बच्चा छन्। उनीहरू समायोजनका लागि योग्य हुने छैनन्।[१९]

जनमुक्ति सेनाका कमाण्डरहरू यस कुरालाई उति महत्त्व दिँदैनन्, तर पार्टीको शीर्ष नेतृत्वमा भएको विभाजन केही हदसम्म शिविरहरूमा पनि देखिएका छन्।[२०] किरण खेमाले आफ्ना समर्थकहरूलाई अवकाशको विकल्प रोज्न र क्रान्तिका लागि निरन्तर काम गरिरहन आह्वान गरेका थिए। त्यसको जवाफमा सुरुमा पार्टी संस्थापना र कमाण्डरहरूले लडाकूहरूलाई समायोजन रोज्ने सुझाउ दिएको देखिन्छ। पुनर्वर्गीकरण प्रक्रिया सुरु हुँदाको पहिलो दुई दिन अवकाश लिनेभन्दा समायोजन रोज्नेको अनुपात बढी थियो, केही शिविरहरूमा समायोजन रोज्नेहरूको सङ्ख्या दोब्बर नै थियो। तेस्रो दिनको अन्त्यसम्ममा दुवैको सङ्ख्या बराबर जस्तो हुन थाल्यो। छैटौं डिभिजनको कमाण्डरले क्राइसिस ग्रुपलाई बताएअनुसार उनी र उनका केही समकक्षीहरूले समायोजनको पक्षमा सह्याली नसक्नेगरी सङ्ख्या बढ्छ भनेर लडाकूहरूलाई नगद लिन सल्लाह दिन थालेका थिए।[२१] नगद रकमको थैलो पनि आकर्षक छः पाँच लाखदेखि आठ लाख रुपियाँ।[२२]

---

जना वरिष्ठ कमाण्डरले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताक्तिखोरस्थित श , नेभेम्बर। १८ ,जनमुक्ति सेनाको तेस्रो डिभिजन

[१५] जनमुक्ति सेनाको एक जना लडाकूलाई मासिक करिब ७७ अमेरिकी डलर तलब र ० डलरसम्म दैनिक भत्ता दिने गरिएको छ। त्यसैले ३०.१ देखि ८५.२६६ लडाकूहरूको मासिक तलबभत्ताका लागि जम्मा २६००,००० अमेरिकी डलरभन्दा केही बढ्ता खर्च हुन्छ। जनमुक्ति सेनाको आकार र शिविरबाट लडाकूहरू गयल रहेकाबारेको विवाद सम्बन्धमा हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा सेनाबाट एउटा :*, माथि उल्लेखित।

[१६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताजनमुक्ति सेनाको पाँचौं डिभिजन ,, दहबन रोल्पाका सिपाही।२०११ नोभेम्बर १९ ,

[१७] क्राइसिस ग्रुपसँग टेलीफोन वार्ताशक्तिखोरस्थित जनमुक्ति स ,ेनाको तेस्रो डिभिजनका एक जना मध्यमस्तरका कमाण्डर।२०११ नोभेम्बर २६ ,

[१८] उदाहरणका लागिहेर्नुहोस् , "PM, Dahal met with stir warning[?]", *The Himalayan Times*, २ डिसेम्बर २०११। पीडितहरूका मर्कालाई सम्बोधन गर्दा सबै पार्टीहरूले युद्धका सबै पक्षबाट पीडितहरूउपर ध्यान दिनु जरुरी छ। उनीहरूलाई अहिलेसम्म दिइएको सहयोग र राहत कामचलाउ खालको मात्र छ। यसबारे थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपाल : दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित।

[१९] जनमुक्ति सेनामा झण्डै २५ प्रतिशत भाग ओगट्ने महिला लडाकूहरूका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट ,*नेपालदुइटा : सेनाबाट एउटा,* माथि उल्लेखित।

[२०] उदाहरणका लागि पाँचौं डिभिजनका एक जना उपकमाण्डर १ नोभेम्बरको सहमतिअनुसार पार्टी नीतिहरूका पक्षमा उभिएका छन् तर उनीहरूका लागि अझ राम्रो व्यवहार होस् भन्ने चाहन्छन्। अर्का उपकमाण्डरचाहिँ १ नोभम्बरको सहमतिको मर्मसँग असहमत रहेका छन्। जनमुक्ति सेनाको पाँचौं डिभिजन, दहबन रोल्पाका उपकमाण्डरहरू राजबहादुर बुढामगर "अविनाश" र रामलाल रोकामगर "मदन"ले १९ नोभेम्बर २०११ मा रोल्पाको दहबनमा गरेको पत्रकार सम्मेलन।

[२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता" महेन्द्र शाही ,प्रज्ज्वलदशरथपुर सुर्खेतस्थित ," । पछिका २०११ नोभेम्बर २१ ,जनमुक्ति सेनाको छैटौं डिभिजनका कमाण्डर ले समायसम्झौतामा केही थप सहुलियत पाउन सकियोस् भनेर पार्टीोजनमा जानेहरूको सङ्ख्या ६,५०० भन्दा बढी होस् भन्ने चाहेको हुन सक्छ । पार्टीको दृष्टिकोण तरल देखिन्छ। जनमुक्ति सेनाका उच्चस्तरका नेता र वरिष्ठ माओवादी नेताले अगस्टमा क्राइसिस ग्रुपलाई कति जना लडाकूहरू नेपाली सेनामा जान चाहन्छन् भन्नेबारे उनलाई यकिन नभएको बताएका थिए। पुनस्थापन या स्वेच्छिक अवकाशमा जान चाहनेहरूका लागि दिइएको नगद :

सन् २०१० को सुरुतिर छटनीमा परेर शिविर छाड्न बाध्य २,५०० लडाकूहरू पार्टीले आफूहरूलाई अलपत्र पाऱ्यो भनेर पार्टी संस्थापनाको आलोचना गरिहिँडेका छन् र सङ्गठित पनि भइरहेका छन्। सार्वजनिक रूपमा उनीहरूलाई किरण खेमाको समर्थन रहेको छ र "अपमानित भयौं भन्ने उनीहरूका भनाइ नोभेम्बर १ को सम्झौताबाट धर्मनिरपेक्ष गणतन्त्रको स्थापनामा जनमुक्ति सेनाको योगदानको उचित कदर नभएको भनी ठान्ने लडाकूहरूमाझ गुञ्जित हुन सक्छ। समायोजनमा नपरेका लडाकूहरू यी कुराहरूबाट सङ्गठित हुन्छन् वा उनीहरूले यसभन्दा बढी आक्रामक लाइन अख्तियार गर्छन् त्यो अहिले नै भन्न सकिन्न, तर पार्टीले उनीहरूलाई कस्तो व्यवहार गर्छ त्यसमा नै सबै कुरा भर पर्छ।[२३] यसबारेको अनुगमन सम्बन्धमा अहिलेसम्म कुनै छलफल भएको छैन। अवकाश रोज्ने लडाकूहरूका सम्बन्धमा अनुगमन गरिरहनु न आवश्यक छ न सम्भव नै छ। तर नेपाली सेनामा प्रवेश गर्ने लडाकू र तिनका कमान्डिङ अधिकृतहरूका हकमा भने दर्जामा हुने तलमाथि वा पदोन्नति वा दुर्व्यवहार जस्ता विषयमा आउने सिकायत र विवादलाई हेर्नका लागि एउटा तटस्थ निकायको खाँचो छ। यस्तो कार्य विशेष समितिको सचिवालय फेरिएर बन्ने निकायले गर्न सक्छ।[२४]

## ख. अलोकप्रिय पुनःस्थापन

सर्वेक्षण गरिएका झन्डै १७,००० लडाकूहरूमध्ये केवल ६ जना जतिले पुनःस्थापनको विकल्प रोजेको थिए, यद्यपि पुनःस्थापनको प्याकेजअन्तर्गत व्यावसायिक तालिम, भत्ता रकम मिल्छ र तत्कालै केही रकम पनि दिइन्छ। पुनःस्थापनको विकल्प उपलब्ध गराउनुका पछाडि लडाकूहरूलाई युद्धको जीवन र पूर्णकालीन पार्टी कार्यबाट अलग्याएर उनीहरूलाई केही गरिखान सकिने नयाँ जीवन प्रारम्भ गर्न योग्य बनाउने उद्देश्य निहित छ।[२५] तर विभिन्न कारणहरूले गर्दा लडाकूहरूको बुझाइमा पुनःस्थापन भनेको लामो समयको तालिममा भाग लिनुपर्ने र तालिम सकिएपछि रोजगारको कुनै ग्यारेन्टी पनि नहुने भन्ने परेको छ। त्यसको तुलनामा केही नयाँ काम गर्न खोज्ने र आफूलाई पार्टीको पूर्णकालीन गतिविधिमा संलग्न गरिराख्न पनि चाहनेहरूका लागि तत्काल नगद रकम प्राप्त गर्नु आकर्षक हुन्छ। त्यसबाहेक पुनःस्थापन शब्द आफै लडाकूहरूका लागि मन नपर्ने खालको छ। उनीहरूको भनाइमा उनीहरूले नेपाललाई गणतन्त्र बनाउनमा सकारात्मक योगदान गरेका छन्, कुनै अपराध गरेका होइनन्।

"हाम्रा लागि पुनःस्थापन तालिम भनेको बाख्रा पाल्ने, सुन्तलाको जुस बनाउने वा कार मरम्मत गर्ने काम हो", एक जना प्लाटुन कमाण्डरले अमिलो पोखे।[२६] जीवन यापनको प्रश्न आफैमा महत्त्वको हुँदाहुँदै पनि धेरै लडाकूहरूमा देशका लागि केही गरौं भन्ने प्रबल भावना पाइन्छ। एक जना डिभिजन कमाण्डरको भनाइमा यस किसिमको चाहनालाई सम्बोधन गर्न सोलार प्यानेल कसरी बनाउने वा ससाना जलविद्युत् उत्पादन कसरी गर्ने जस्ता खालका व्यावसायिक तालिमको तर्जुमा गर्न सकिन्थ्यो। विशेष समिति र यसको सचिवालयमा रहेका माओवादी प्रतिनिधिहरूले यस्ता विचार दाताहरूसमक्ष पुऱ्याए नपुऱ्याएको प्रस्ट छैन। ती कमाण्डरले "सांस्कृतिक" कारणले गर्दा पनि लडाकूहरूले पुनःस्थापनको विकल्प रोज्न नचाहेको तर्फ औंल्याए। "सरकारले (अर्थात् विशेष समितिले) पुनर्वर्गीकरणको प्रक्रिया चलाउँदाखेरि इन्टरनेट पनि राम्रोसित जोड्न सकेन। परिचयपत्र बनाउँदा पनि समस्या आइपऱ्यो। यस्तो भएपछि लडाकूहरू कसरी उनीहरूको कार्यक्रम सही ढङ्गले सञ्चालन हुन्छ भनी ढुक्क हुन सक्छन्, उनीहरूलाई कर्मचारीहरूले घुमाउँदैनन्? "[२७]

स्पष्टतः तीनवटा गल्तीहरू भएका देखिन्छन्। माओवादी पार्टी र जनमुक्ति सेनाका नेतृत्व पुनःस्थापनको विकल्पबारे लडाकूहरूसित संवाद गर्न सकिरहेका छैनन् या चाहिरहेका छैनन्।[२८] गैरमाओवादी पार्टीहरूले पुनःस्थापन कार्यक्रमको प्रशासनिक झन्झटमा नपर्ने भनेर यसबाट सजिलै हात धोए।[२९] दातृ निकायहरूको पनि यहाँ राजनीतिक असफलता देखिन्छ। उनीहरूले पनि माओवादी पार्टी र सरकारलाई यस विकल्पलाई गम्भीरतापूर्वक लिनका लागि यथेष्ट दबाब दिन सकेनन्। बरु उनीहरूले "अन्तर्राष्ट्रिय अनुभव"बाट अप्रभावकारी

---

प्याकेज राम्रै थियो र वर्षौंदेखि शिविरमा कुईच खाएर बसेका लडाकूहरूका लागि आकर्षक ठहरिन सक्थ्यो।

[२२] "शान्ति र संविधानका लागि सहमति", *कान्तिपुर*, २ नोभेम्बर २०११।

[२३] उदाहरणका लागि हेर्नुहोस्, "Discharged fighters form organisation", *The Kathmandu Post*, २ डिसेम्बर २०११। यसको उद्देश्य पुनः युद्धमा फर्कने नभई लडाकूहरूलाई राम्रो व्यवस्था गरियोस् भन्ने हो। बहिर्गमनको प्रक्रिया र यसबाट अवकाश तथा पुनःस्थापनमा पर्ने प्रभावहरूको विश्लेषणका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित। यसमा व्यक्ति, पार्टी र समूहगत हिसाबकिताबको खेल मिसिएको छ। यसको निप्टारा कसरी हुन्छ त्यसले नै पार्टीअन्तर्गत सैनिक संरचनाको कुनै अवशेष बाँकी रहन्छ रहँदैन त्यस कुराको टुङ्गो लगाउँछ।

[२४] योसहित अरू सुझावहरूका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित।

[२५] दाताहरूद्वारा अभिप्रेरित पुनःस्थापनको दबाब र लडाकूहरूको दृष्टिकोणबारे विस्तृत विवरणका लागि हेर्नुहोस् ऐ.ऐ.।

[२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनमुक्ति सेनाको सातौं डिभिजन, तालाबन्द, कैलाली, २० नोभेम्बर २०११।

[२७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रज्ज्वल, जनमुक्ति सेनाको सातौं डिभिजन कमाण्डर, संग दशरथपुर, सुर्खेत, २१ नोभेम्बर २०११। । पुनर्वर्गीकरणमा संलग्न विशेष समितिका एक जना सदस्यले पनि उनका विचारहरूसित मिल्दाजुल्दा विचार व्यक्त गरे।

[२८] उमेर नपुगेका र शान्ति सम्झौतापछि भर्ती गरिएका कारण अयोग्य ठहऱ्याइएका लडाकूहरूलाई निष्कासित गरिने बेलामा पनि माओवादीले यस्तै दृष्टिकोण अपनाएको थियो। त्यति बेला पनि पार्टी आफैले कुनै न कुनै व्यवस्था मिलाउनेछ भन्दै राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) बाट प्रदान गर्न खोजिएको पुनःस्थापना प्याकेज नलिन निष्कासनमा परेका लडाकूहरूलाई प्रोत्साहित गरेको थियो।

[२९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौंमा रहेका अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू, नोभेम्बर २०११।

ठहरिएकाले[३०] नगद रकमको प्याकेज दिन हुन्न भने र पुनःस्थापनलाई समायोजन वा नगदपछाडि छुट्टै तेस्रो विकल्पका रूपमा प्रस्तुत गर्ने काम भयो। तर पुनर्वर्गीकरणको प्रक्रिया थालिनु केही महिनाअघि नै विशेष समितिमा रहेका राजनीतिक प्रतिनिधिहरू नगद रकम नै दिने पक्षमा रहेका र पुनःस्थापनको पक्षमा नरहेका कुरा प्रस्ट भइसकेको थियो। लडाकूहरूको हकमा पनि त्यही कुरा लागू हुन्छ।[३१] नगद दिनु हुँदैन भन्ने कुरामा अड्डी लिनुको सट्टा यो परिस्थिति बुझेर दातृ संस्थाहरूबाट अवकाश लिँदा प्राप्त हुने नगद र पुनःस्थापनको विकल्पलाई एकै ठाउँमा मिलाउने प्रयास भएको भए उनीहरूले मुख रातो पार्नुपर्ने थिएन।

"अन्तर्राष्ट्रिय स्तर"को तुलनामा नगद रकमको थैलो गतिलो भएको कुरा उठाउने गरिन्छ र नभन्दै धेरै नेपालीहरूको बचतको अनुपातमा यस रकमलाई राम्रो मान्नुपर्छ। "यो पैसाले हामीलाई आर्थिक आधार दिन्छ, खासगरी दुवै जोइ-पोइले लिन पाएको खण्डमा। तर साँच्चै भन्ने हो भने नेपालमा पैसा लगानी गर्ने ठाउँ नै छैन। काँक्रा उत्पादन बढाउनलाई त्यो रकम लगाउने कुरा आएन। अरू कुनै नयाँ काम गर्नलाई त्यो पैसा पुग्दैन", एक जना विवाहित लडाकूले भने।[३२] आउँदा महिनाहरूमा दातृ निकायहरूलाई पुनःस्थापनको प्याकेजबारे रुचि जाग्न सक्छ, त्यतिन्जेलमा लडाकूहरूले आफ्नो पैसा कतै लगानी गरिसकेका हुनेछन् वा ऋण तिर्नेमा उपयोग गरिसकेका हुनेछन्। त्यस बेला दातृ निकाय र राजनीतिज्ञहरूले त्यस्ता लडाकूहरू पुनःस्थापन प्याकेजनिम्ति योग्य हुन्छन् हुँदैनन् निर्णय लिनुपर्ने हुन्छ।

दातृ निकायहरूले शारीरिक रूपले अशक्त र अपाङ्ग भएका लडाकूहरूका लागि विशेष कार्यक्रमहरू ल्याएर सहयोग पुऱ्याउनेबारे पनि सोच्न सक्छन्। त्यस्ता लडाकूहरूमध्ये धेरैको लगातार औषधोपचार गराइरहनुपर्ने वा नियमित उपचार र देखरेख आवश्यक पर्ने अवस्था छ। उनीहरूलाई दिइने रकम यथेष्ट छैन। धेरै जना त पुनःस्थापनको प्याकेज पनि लिन सक्तैनन्, तर उनीहरूलाई नै भनेर विशेष किसिमले तयार पारिएका कामहरू भने गर्न सक्छन्। समायोजन र पुनःस्थापनसम्बन्धी विशेष समितिले यस्तो व्यवस्था मिलाउने वचन दिएको छ[३३] र दातृ निकायहरूले यस्ता प्रयासमा मद्दत गर्नु उपयुक्त हुनेछ। महिला लडाकूहरू त्यस प्रकारले सङ्गठित भएका छैनन्, तर बच्चा भएका महिलाहरूको आवश्यकता आफ्नै किसिमका हुन सक्छन्।

## ४. संविधान लेखन

सबैभन्दा महत्त्वको संवैधानिक मुद्दा भनेको सङ्घीय राज्यका रूपमा नेपालको पुनर्संरचान कसरी गर्ने भन्ने हो। ऐतिहासिक रूपमा पाखा पारिएका समूहहरूका लागि यसको वास्तविक र प्रतीकात्मक दुवै महत्त्व छ। उनीहरू सङ्घीयताले आफ्नो पहिचानलाई स्वीकार्नुपर्ने, प्रतिनिधिमूलक राजनीतिक वर्ग तथा कर्मचारीतन्त्र निर्माण गर्नुपर्ने र जातीय तथा क्षेत्रीय भेदभावलाई अन्त्य गर्न प्रस्तावित प्रान्तहरूलाई बढीभन्दा बढी स्वायत्तता दिनुपर्ने माग गर्छन्।[३४]

संविधानसभामा यसबारे प्रस्ताव परेको भए पनि सबै पार्टीहरूले यसमा सही गरेका छैनन्। निर्णय लिनुपर्ने मुख्य विषयहरूमा विभाजनको आधार तथा राज्यको नाम, स्वायत्तताको हद, अन्तरराज्य सम्बन्ध र जातीय एवं कोटाका आधारमा अग्राधिकार दिने आदि छन्। अति विवादित विषयहरूउपर माथिल्लो राजनीतिक तहमा निर्णय गरिने समझदारी बनेको छ। मधेसी पार्टी र सबै पार्टीका जनजाति सभासदहरू मिलेर बनेको आदिवासी जनजाति सभासद सभा (ककस) तथा संविधानसभाका अन्य सदस्यहरूलाई त्यसो गरिएमा संविधानसभामा भएका सबै छलफलहरूको बेवास्ता हुने र शीर्ष नेताहरूले राजनीतिक दाउपेचबाट प्रभावित भई निर्णय गर्नेछन् भन्ने चिन्ता छ।[३५]

नोभेम्बर १ तारिखको सम्झौतामा पार्टीहरू सङ्घीयताबारे विस्तृत कार्य गर्न विशेषज्ञहरूको एउटा प्यानेल वा टोली बनाउन सहमत भएका थिए। अन्तरिम संविधानमा उल्लेख भएको राज्य पुनर्संरचना आयोगका ठाउँमा त्यस्तो टोली बनाउने कुरा भएको थियो। त्यस्तो प्यानेलले आफ्ना मागहरूलाई यथेष्ट मात्रामा नहेर्ला कि भन्ने डर हुँदाहुँदै पनि मधेसी पार्टीहरूले त्यस सम्झौतामा हस्ताक्षर गरेका थिए। तर जनजाति सभासदहरूको भनाइमा त्यस्तो प्यानेल बनाउँदा सङ्घीयताको पूरै मुद्दा संविधानसभाबाट बाहिरिन्छ, आयोग भनेको कम्तीमा संवैधानिक निकाय हो। जनजाति सभासदहरूले पार्टी ह्वीपलाई नटेरी प्यानेल खडा गर्नका लागि संविधान संशोधन गर्ने प्रस्ताव विरुद्ध भोट दिए।[३६] उनीहरूको यस कार्यले ठूलो महत्त्व बोकेको छ र यसबाट के देखिएको छ भने ऐतिहासिक रूपमा पाखा पारिएका समुदाय र उनीहरूका प्रतिनिधिहरू सङ्घीयताको मुद्दामा कुनै पनि प्रकारको

---

[३०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, युरोपेली युनियन, बेलायत तथा राष्ट्रसङ्घ लगायतका दाताहरूका प्रतिनिधि, फेब्रुअरी, जून, अगस्ट, सेप्टेम्बर र नोभेम्बर २०११।

[३१] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित।

[३२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनमुक्ति सेना सातौं डिभिजन शिविर, तालबन्द, कैलाली, २० नोभेम्बर २०११।

[३३] हेर्नुहोस्, "Special committee members address fighters' concerns", *The Kathmandu Post*, २४ नोभेम्बर २०११।

[३४] हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १९९, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* १३ जनवरी २०११।

[३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संविधानसभाका सदस्यहरू, नोभेम्बर, डिसेम्बर २०११।

[३६] "हामी जनजाति सभासद सभा (ककस) ले संविधानसभामा कुनै प्रस्ताव पास गराउन नसकौंला, तर कुनै पनि प्रस्तावलाई रोक्न भने सक्छौं", माओवादीका एक जना वरिष्ठ नेता र जनजाति सभासदले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, नोभेम्बर २०११।

हेरफेरलाई चुप लागेर स्वीकार्ने छैनन्।[३७] त्यसैगरी संविधानसभाका दलित सदस्यहरूले पनि दलित प्रतिनिधित्व रहने गरी आयोगलाई विस्तार गराउने प्रयास गरे र उनीहरूको प्रयास सफल पनि भयो। "सङ्घीयता मात्रै शान्ति प्रक्रियाको यस्तो मुद्दा हो जसले सबै नेपालीलाई छुन्छ", सङ्घीयता समर्थक नेकाका एक जना सदस्यले भने।[३८]

तर आखिरमा जब आयोग बन्यो त्यसप्रति एउटा अखबारले "ठूलो ठट्टा"[३९] भनी टिप्पणी गऱ्यो। पर्यवेक्षकहरू र संविधानसभाका केही सदस्यहरूका विचारमा ख्यातिप्राप्त विद्वान्, सङ्घीयताका सवालमा लडिरहेका व्यक्तित्वहरू र मध्यस्थकर्ताहरूलाई आयोगमा राख्नुपर्ने थियो तर तिनका ठाउँमा केही प्राज्ञहरू राखिएका लुते गैसस जस्तो आयोग बन्यो। संविधानसभाका केहीलाई अन्तिम निर्णय अन्तै लिइने कुरा प्रस्ट भइसकेकाले आयोगलाई चाहिँ कार्यविधि रोक्ने हतियारका रूपमा उपयोग गरिन्छ भन्ने चिन्ता छ।[४०]

संविधानको मस्यौदामा पार्नका लागि अरू विषयमा पनि औपचारिक सहमति आवश्यक पर्दछ। शासन पद्धतिका हकमा अर्ध-राष्ट्रपतीय पद्धतिमा सम्झौता हुने धेरैको अनुमान छ। त्यसको अर्थ हो प्रत्यक्ष निर्वाचनद्वारा चुनिने कार्यकारी प्रमुख र संसदद्वारा छानिने प्रधानमन्त्री। तर यी दुईबीचको शक्ति वितरणबारे स्पष्टताको खाँचो छ। निर्वाचन पद्धतिबारे चाहिँ सहमतिको बिन्दु एक चरणमा हुने धेरै भोट ल्याउनेले जित्ने र समानुपातिक पद्धति नै राष्ट्रिय, प्रान्तीय र स्थानीय सबै तहमा लागू गराउने हुन सक्छ। त्यसमा सायद अधिकांश सिट धेरै भोट ल्याउनेले जित्ने पद्धतिबाट छानिने हुन सक्छ।

न्यायिक प्रणालीबारेको मुद्दा हाललाई टुङ्गो लागेको छ, तर कानुनी वृत्तमा यो विवादास्पद रहेको छ। संवैधानिक अदालतका साथै संसदका प्रतिनिधि रहने स्वतन्त्र निकायले न्यायाधीशहरूको नियुक्ति हुने कुरा प्रस्ताव गरिएको छ। यो व्यवस्था सुरुमा माओवादीहरूद्वारा प्रस्तावित व्यवस्थाभन्दा निकै फरक छ। माओवादीहरूको प्रस्तावमा सर्वोच्च अदालतको प्राधिकार सीमित हुने, संवैधानिक विवाद संसदले बनाएको निकायले छिनोफानो गर्ने र सबै न्यायाधीशहरूको राजनीतिक नियुक्ति हुने कुरा परेका थिए। जुन प्रकारले शान्ति प्रक्रिया र संविधानसभाको म्याद बढाउनेदेखि लिएर अपराधको अभियोग लागेका पार्टीका सदस्यहरूलाई माफी दिने जस्ता राजनीतिक महत्त्वका विषयहरूमा सर्वोच्च अदालतमा रिट परिरहेको छ त्यसलाई हेर्दा कानुनी समुदायलाई राजनीतिज्ञहरूले उपेक्षा गर्न गाह्रो पर्ने देखिन्छ।[४१]

## ५. सरकार, तर कसको?

अगस्ट २०११ मा बाबुराम भट्टराई प्रधानमन्त्री चुनिँदा काठमाडौंमा त्यसबाट गैरमाओवादीहरूमा समेत निकै आशाको सञ्चार भएको थियो। भट्टराई स्वच्छ छवि भएका पढालेखा र मुलुकका बारेमा निश्चित परिकल्पना भएका राजनीतिज्ञ मानिन्छन्।[४२] हुन त अहिलेको सरकारमा संसदमा दोस्रो ठूलो पार्टी रहेको नेका र एमाले सामेल छैनन्, तापनि माओवादीहरू र ती पार्टीहरूबीच शान्ति प्रक्रियाबारे संवाद हुन सक्यो जसका कारणबाट नोभेम्बर १ तारिखको परिणाम निस्क्यो। माओवादी पार्टीका तर्फबाट प्रचण्ड नै प्रमुख वार्ताकार रहँदै आएका छन्, तर प्रधानमन्त्रीका रूपमा लडाकूहरूको पुनर्वर्गीकरण र कब्जा गरिएका जग्गा फिर्ता गर्ने जस्ता निर्णयहरू कार्यान्वयन गराउने जिम्मा भट्टराईको हो।

यस सरकारले गठन भएको तुरुन्तै जसो चुनौतीहरूको सामना गर्नुपऱ्यो। भट्टराईले सत्ता सह्याल्नेबित्तिकै माओवादी पार्टीभित्रको मतभिन्नता बाहिर निस्क्यो। किरणले नेतृत्व गरेको जडसूत्रवादी मानिने खेमाले भट्टराई र प्रचण्डद्वारा शान्ति प्रकयाबारे गरिएका हरेक सम्झौताको विरोध गऱ्यो। लडाकूहरूका सम्बन्धमा पार्टी कुनै

---

[३७] जनजाति सभासद सभाको कामका बारेमा एउटा राम्रो विश्लेषणका लागि हेर्नुहोस् दीपक थापा, "Disengaged leadership", *The Kathmandu Post*, २४ नोभेम्बर २०११।

[३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, नोभेम्बर २०११।

[३९] हेर्नुहोस् "Disappointing", सम्पादकीय, *Republica*, २३ नोभेम्बर २०११।

[४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका, मधेसी पार्टीका सदस्यहरू, राजनीतिशास्त्री, डिसेम्बर २०११।

[४१] नोभेम्बर २०११ मा सर्वोच्च अदालतले एउटा फैसलामार्फत संविधानसभाको म्याद अन्तिम एक पटकलाई ६ महिनाका लागि मात्र थप्न सकिनेछ यदि त्यस समयभित्र पनि संविधान जारी गर्न नसकेका खण्डमा या त जनमत सङ्ग्रह गर्नुपर्नेछ या त ताजा जनादेशका लागि संविधानसभाको चुनाव हुनुपर्छ भन्ने आदेश जारी गऱ्यो। यस्ता कडा शब्द परेको फैसलाप्रति तीव्र प्रतिक्रियाहरू आए, धेरैजसो पार्टीले संविधानसभाको म्यादको कुरा संवैधानिकभन्दा राजनीतिक मामिला भएको भनेर आफ्ना धारणाहरू राखे। संविधानसभाको म्याद थपका विषयमा यसअगाडि परेका रिट निवेदनहरूमा सर्वोच्च अदालतले दुई परस्पर विरोधी आदेश जारी गरेको थियो। हत्याको अपराधमा सजाय पाएका सभासदलाई माफी दिनेबारे मन्त्रिपरिषद्ले राष्ट्रपतिसमक्ष गरेको सिफारिसका विरोधमा परेको रिट निवेदनमाथि निर्णय दिँदै सर्वोच्चले स्थगन आदेश जारी गरेको थियो।

[४२] अगस्टको अन्त्यतिर समाप्त हुन लागेको संविधानसभाको म्याद कुनै झैझन्झटबिना तीन महिनाका लागि थपिएको थियो। भट्टराईले पनि बिनाकुनै ढिलाइ जनमुक्ति सेनाका शिविरहरूमा थन्क्याइएका हतियारका कन्टेनरहरूको साँचो विशेष समितिलाई हस्तान्तरण गरे, सरकारको फजुल खर्च कटौती र राहतका कार्यक्रमहरू घोषणा गरे, जिल्ला तहका अधिकारीहरूलाई द्वन्द्वकालमा माओवादीको कब्जामा रहेको सम्पत्ति हकवालालाई हस्तान्तरण सुनिश्चतत गर्न आदेश दिए, नेकालाई सरकारमा सहभागी हुन अपिल गरे तथा भ्रष्टाचार विरोधी र निगरानीकर्ता निकायहरूलाई बलियो बनाउने अठोट व्यक्त गरे। संयुक्त राष्ट्सङ्घ, भारत र दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा भट्टराईको भ्रमण तथा सहभागिता पनि सफल रह्यो। तर यसका साथै लोकतान्त्रिक नेपालको सबैभन्दा ठूलो र खर्चिलो मन्त्रिपरिषद् अहिले बनेको छ। हत्याको अभियोग लागेका एक जना माओवादी मन्त्रीले राजीनामा दिन बाध्य हुनुपऱ्यो, त्यस्तै अभियोग लागेका अर्का एक जना नेता अझै राज्यमन्त्री छन्। मन्त्रिपरिषद्का सदस्यहरूमाथि व्यापक भ्रष्टाचार गरेको आरोपहरू लागेका छन्। अहिलेको अवस्थाका कारण प्रधानमन्त्री भट्टराईले यस्ता कुरामा आँखा चिम्लेको देखिन्छ। हेर्नुहोस् "Don't know names of many ministers: PM", *The Kathmandu Post*, १५ नोभेम्बर २०११।

रोकटोक बेगर अघि बढ्न सक्यो, तर मध्य र सुदूरपश्चिमका तराई क्षेत्रमा भने त्यस खेमाले भूमिहीनताको भावनालाई उपयोग गर्न सकेको देखियो। किरण खेमाले विस्तृत शान्ति सम्झौताको हवाला दिँदै त्यसको परिपालनामा राज्य र माओवादीहरूको "समानान्तर प्रतिबद्धता" रहेको तर्क अघि सार्छन्। उनीहरू माओवादी लडाकूको समायोजन र पुनःस्थापन हुनुपर्छ भने नेपाली सेनाको पनि लोकतान्त्रिकरण र यथोचित् सङ्ख्या निर्धारण गरिनुपर्छ भनी जोड दिन्छन्। माओवादीहरू कब्जा गरिएका जमिन फिर्ता गर्ने वाचा प्रायशः गर्छन्, तर विस्तृत शान्ति सम्झौतामा वैज्ञानिक भूमिसुधारका लागि आयोग खडा गरिने कुरा पनि परेको छ।

किरण खेमाले नयाँ गठबन्धनलाई "राष्ट्रविरोधी"को सङ्ज्ञा दिएको छ, त्यसको साङ्केतिक अर्थ भट्टराई र मधेसी पार्टीहरू भारतको एकदमै नजिक र सङ्घीयताका कट्टर समर्थक हुन् भन्ने हो।[४३] माओवादीहरू र मधेसी मोर्चाबीचको सम्झौताले झनै यस डरको आगोमा घिउ थप्ने काम गर्‍यो। किनभने त्यसमा नयाँ बन्ने सङ्घीय राज्यहरूमा आत्मनिर्णयको अधिकार हुने, सेनामा मधेसी एकाइ रहने र नेपालका दुवै छिमेकीहरूसितको सम्बन्धमा सुधार गर्ने कुरा परेका थिए।[४४] नयाँ गठबन्धनप्रति भारतको प्रस्ट समर्थन भएबाट त्यस खेमाको आशङ्कालाई पुष्टि गर्ने काम गर्‍यो र त्यसले नेपालको "सिक्कीमीकरण" हुने टिप्पणीलाई जन्म दियो।[४५]

वास्तवमा भन्ने हो भने राजावादी र दक्षिणपन्थीसहितका अति राष्ट्रवादी खेमा, एमाले र माओवादी पार्टीभित्रका अति वामपन्थीहरूले यस सरकारलाई राष्ट्रविरोधी भनेर आलोचना गरेका छन्। यिनीहरूका लागि नेपाली राज्यलाई परिवर्तन गर्न खोज्नु र जातीय तथा अन्य पहिचानलाई स्वीकार्दै भेदभावलाई अन्त्य गर्नु तथा राष्ट्रवादलाई पुनर्परिभाषित गर्नु राष्ट्रिय एकता एवं पहिचानको सङ्कीर्ण दृष्टिकोण विपरीत हो। मधेसी पार्टी तथा मन्त्रीहरूउपर भारतीय संस्थापनाका केही पक्षसित नजिक रहेको र सेनामा प्रतिनिधित्व बढाउने माग राखेकोमा जुन लान्छना लगाइएको छ त्यसबाट मधेसी जनसङ्ख्या "नेपाली" भन्दा बढी "भारतीय" हुन् भन्न खोजिएको आशय लुकाउन चाहेर पनि लुकाउन सकिँदैन।[४६] राष्ट्रवादी भावनाको यस धारले भारतले

[४३] माओवादी आन्दोलनको मुख्य माग रहेको सङ्घीयताका बारेमा माओवादी पार्टीभित्रै शङ्का उब्जिनु आश्चर्यजनक देखिन्छ। तर केही नेताहरू निर्णयको आधार वर्ग नभई जात र पहिचानलाई मानिने कुराबाट चिन्तित देखिन्छन्।

[४४] माओवादी-मोर्चाबीचको सम्झौतामा अरू थुप्रै कुराहरू परेका छन्। समायोजनका बारेमा, विशेष समितिमार्फत निर्णय गराएर ७,००० लडाकूको "एकाइगत" समायोजन गर्ने भनिएको छ। माओवादी पार्टीले कब्जा सम्पत्ति फिर्ता गर्न अप्रत्यक्ष तवरमा प्रतिबद्धता जनाएको छ। जनयुद्ध, मधेस आन्दोलन र अरू विभिन्न न्यायोचित मागहरू लिएर भएका आन्दोलनका दौरान "राज्यबाट पीडित"हरूका लागि सरकारले राहत दिने भनिएको छ। मधेसी पार्टीहरूले अपूरो भयो भनेर आलोचना गरिरहेका समावेशीकरणसम्बन्धी विधेयकको संशोधन गरिनेछ। जनयुद्धताका र त्यसपछिका आन्दोलनका क्रममा कार्यकर्ता र समर्थकहरूमाथि लगाइएका मुद्दाहरू फिर्ता गरिनेछ। यसैमा रहेको नेपाली सेनामा १०,००० मधेसीहरूको छुट्टै एकाइ खडा गर्ने सहमति राष्ट्रघाती भएको भन्दै चर्को आलोचना भएको छ। हुन त यो कुनै नयाँ माग होइन। फेब्रुअरी २००८ मा भएको मधेस आन्दोलनले संविधानसभाको निर्वाचन हुन नदिने अवस्था सिर्जना गरेको थियो। मधेसी पात्रहरूलाई सम्झौताका लागि राजी गराउन र फेरि शान्ति प्रक्रियामा फर्काउन सेनामा मधेसीहरूलाई एकमुष्ट भर्ना गरी सेनालाई अझ समावेशी बनाउने कुराको स्वीकृतिले काम गरेको थियो। मे २०११ मा संविधानसभाको म्याद थप्ने बेलामा पनि यो एउटा जटिल विषय बनेको थियो। यसबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित। यसअघिको सरकारले पहाडेहरूको पोसाक दौरा-सुरुवाललाई राष्ट्रिय पोसाक तोकेकोमा सो निर्णय उल्टाउने कुरामा पनि सहमति भयो। दौरा-सुरुवाल र टोपी केवल पहाडे संस्कृतिसँग नगाँसिएर लामो समयसम्म औपचारिक पोसाकको मान्यता पाएकाले यो पोसाक परम्परागत राज्य र कर्मचारीतन्त्रसँग पनि गाँसिएको छ। त्यसैले गर्दा धेरै मधेसीका दृष्टिमा यस पोसाकले विभेदकारी र बाध्यकारी समरूपीकरणको प्रतिनिधित्व गर्दछ।

[४५] निश्चय नै भारतले नेपालउपर र यसको राजनीतिक मामिलामा बलियो नियन्त्रण कायमा राखेको छ तर यसलाई उपनिवेश नै बनाइहाल्ने कुनै सङ्केत देखिदैन। "सिक्किमीकरण" शब्दले ती घटनाहरूतिर सङ्केत गर्छ जसको परिणामस्वरूप सन् १९७५ मा गरिएको जनमत सङ्ग्रहमार्फत सिक्किम अधिराज्य भारतमा गाभिएको थियो। कुरा भारतले नेपाललाई आफूमा गाभ्नेछ भन्ने होइन बरु परम्परागत दरबारियाहरू र वामपन्थीहरूमा जरा गाडेर रहेको गहिरो तथा अलि जेलिएको नेपाली राष्ट्रवादको हो। राष्ट्रघाती अथवा भारतपरस्त कार्य भयो भनेर चिच्याउने उही पात्रहरू उतिखेरै दिल्लीलाई रिझाउने काम गरिरहेका पनि देखिन्छन्। उदाहरणका लागि सन् २००९ को मध्यदेखि सन् २०११ को सुरुसम्म टिकेको माधवकुमार नेपालले नेतृत्व गरेको सरकारलाई भारतीय संस्थापन पक्षले उत्साहपूर्वक खुला समर्थन गरेको थियो। भारतको मुख्य उद्देश्य माओवादीलाई सरकारबाहिर राख्नु थियो र पछिल्ला वर्षहरूमा उसले राजनीतिलाई ध्रुवीकरणतिर लैजान सक्दो काम गर्‍यो। तर त्यसै सरकारका धेरै समर्थकहरूसमेत अहिलेको गठबन्धनले दिल्लीका महत्त्वपूर्ण पात्रहरूको खुला र प्रत्यक्ष समर्थन पाएको छ भनेर यसको आलोचना गर्छन्।

[४६] उदाहरणका लागि, यो सरकारको गठन हुनेबित्तिकै कुनै मधेसी रक्षामन्त्री हुने सम्भावना देखा परेको थियो। त्यसोचाहिँ भइहालेन। तर एउटा उग्रराष्ट्रवादी र चीनपरस्त अङ्ग्रेजी साप्ताहिक *People's Review* ले आफ्नो प्रथम पृष्ठमा "A 'dhoti' in Army HQ?!" भन्ने शीर्षकमा व्यङ्ग्यात्मक टिप्पणी छाप्यो। उक्त लेख दौरा-सुरुवाललाई नेपालको औपचारिक पोसाक नमान्ने हो भने दौरा-सुरुवाल लगाएको अपेक्षा गर्ने नेपाली सेनाको औपचारिक समारोहमा एउटा मधेसी मन्त्री धोती लगाएर पुग्दा कस्तो प्रतिक्रिया उत्पन्न होला भन्नेबारे थियो। "धोती" मधेसी मूलका मानिसहरूका लागि प्रयोग गरिने अपमानजनक शब्द पनि हो। नेपाली सेनालाई समावेशी बनाउने कुराको विरोध धेरै पक्षबाट आएको छ। एउटा समाचार पत्रले मधेसी मन्त्रीहरूलाई नेपाली सेनामा कति मधेसी छन् भन्ने पनि थाहा छैन । उनीहरू मधेसीहरूको सङ्ख्या ९०० भन्दा कम छ भन्छन् तर नेपाली सेनाको गणनाअनुसार यस्तो सङ्ख्या ६,५०० छ। "Madhesi leaders don't know Madhesi strength in Army", *Republica*, ३ अक्टोबर २०११। त्यस समाचारको साथसाथै उक्त पत्रिकाले त्यही दिन सम्पादकीय पनि लेख्यो जसमा मधेसी मन्त्रीहरूको यस अज्ञानतालाई समावेशीकरणका बारेमा मधेसी मन्त्रीहरू गम्भीर नभएको प्रमाणका रूपमा उल्लेख गर्दै यसलाई उनीहरूले राजनीतिक हतियारका रूपमा मात्र प्रयोग गरेका तथा नेपाली सेना पूर्ण समावेशी रहेको पनि बताइएको थियो। "Reality vs perception", *Republica* ३ अक्टोबर २०११। नेपाली सेनाको सङ्ख्या

जहिले पनि नेपाली भूभागमा आँखा गाडेको ठान्छ र सङ्घीयतालाई देशको विखण्डनको पूर्वमञ्चनका रूपमा हेर्ने गर्छ। यद्यपि ऐतिहासिक तवरमा पाखा लगाइएका समूहहरू भने नेपाली राज्यप्रति अझ बढी समायोजित हुन खोजिरहेका छन्।[४७]

मधेसी मोर्चा हिजोअस्तिसम्म नेका र एमालेको साथ लागेको देखिन्थ्यो। उनीहरू अनपेक्षित रूपमा माओवादीहरूको पक्षमा लागिदिनाले नयाँ गठबन्धनप्रति झनै नकारात्मक प्रतिक्रिया उब्जियो। यस गठबन्धनलाई "अप्राकृतिक" भनियो, किनभने विगतमा माओवादीहरू र मधेसी राजनीतिक वर्गको एकअर्कासित लडाइँ भएको थियो। मधेसी नेतृत्वमा रहेका व्यक्तिहरू नेका र राजावादी पार्टीहरूबाट आएका छन्। मोटामोटी तवरमा भन्नुपर्दा मधेसी नेतृत्वले तराईको उच्च वर्गको प्रतिनिधित्व गर्दछ र भूमिपति तथा उच्च जातको यस सामाजिक समूहले युद्धकालमा माओवादीहरूसित मुठभेड गरेका थिए। तर त्यो वर्गीकरणमा परिवर्तन आइरहेको छ र वर्ग तथा जातको हकमा मधेसी पार्टीहरू तथा मधेसी आन्दोलनको नेतृत्व विकासको चरणमा छ।[४८]

मधेसी पार्टीहरू समावेशीकरण र राज्य पुनर्संरचनाबारे आफ्ना मतदाताहरूको भावनालाई कदर गरिरहेको ठान्दछन्। यी दुवै विषय माओवादी एजेन्डाका अविभाज्य अङ्ग हुन्। मोर्चा र माओवादीहरूबीच यी विषयहरूमा नेपाली राजनीतिका अन्य पात्रहरू हेरी बढी समानता छन्।[४९] यो समानता र गठबन्धनको अप्राकृतिकपन तथा कथित भारतपरस्त प्रकृति वर्तमान सरकारप्रति आक्रोश जन्माउने स्रोत बनेका छन्। माओवादी-मधेसी गठबन्धन टिकिरहेको खण्डमा अरू पार्टीहरूको सरकार बनाउने क्षमता क्षीण हुँदै जानु अवश्यमभावी छ र उनीहरूले चुनावमा अझ बढी चुनौतीको सामना गर्नुपर्ने हुन्छ। परम्परागत पार्टीहरूले समावेशीकरण र सङ्घीयताबारे त्रिशङ्कु चरित्र प्रदर्शन गरेका छन्। मधेसी पार्टीहरूको उदयले विशेषतः नेकालाई असर परेको छ र तराईमा नेकाको ऐतिहासिक चुनावी आधार खुम्चिन पुगेको छ।[५०]

## ६. ठूला पार्टीहरू खुसी छैनन्

### क. माओवादी

किरण, रामबहादुर थापा 'बादल' र एनेकपा (माओवादी) का अन्य वरिष्ठ नेताहरूसमेतको खेमाले पार्टीको "संस्थापन" पक्षले लिएका कैयन् निर्णयहरूको विरोध गरेका छन्।[५१] त्यति हुँदाहुँदै पनि उनीहरूका आपत्ति शान्ति प्रक्रियाका प्रतिबद्धताहरूको बर्खिलाफ भने होइन। उनीहरूका आपत्ति माओवादीहरूले आफ्ना माग लत्याएकामा र निर्णय लिदाखेरि आफ्नो खेमाद्वारा उठाइएका चासो र सरोकारहरूलाई बेवास्ता गरिएकामा हो।[५२]

केही असन्तुष्टि भट्टराईले कथित "धोबीघाट सहमति" तोडेबाट उत्पन्न भएका हुन्। गत जुलाई महिनामा भएको त्यस सहमतिमा वैद्य, भट्टराई र नारायणकाजी श्रेष्ठ (हाल परराष्ट्र मन्त्री) पार्टीमाथि प्रचण्डको एकलौटी नियन्त्रण र एक्लैले निर्णय लिने उनको प्रवृत्तिलाई चुनौती दिन एक ठाउँमा आएका थिए। उनीहरूको एकमुष्ठ दबाबबाट प्रचण्ड पार्टीसम्बन्धी केही अधिकार किरणलाई र जनमुक्ति सेनाको अधिकार बादललाई जिम्मा लगाउन बाध्य भए। यद्यपि अहिलेसम्म शक्तिको यो हस्तान्तरण व्यावहारिकभन्दा पनि अवधारणात्मक देखिन्छ।[५३] पार्टी सहमतीय सरकारको निर्माणमा लाग्न पनि तयार भयो र पहिलो पटक भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारियो। प्रचण्डले नाइँ भन्ने ठाउँ थिएन, गैरमाओवादीहरूका लागि उनी अस्वीकार्य थिए। तर भट्टराई प्रधानमन्त्री भए पनि शान्ति प्रक्रियालाई हाँक्ने त प्रचण्ड नै देखिन्छन्। धोबीघाट सहमति यसै पनि धेरै लामो समय टिक्नेवाला थिएन। वैद्य र भट्टराई धेरै कुराहरूमा विमति राख्छन् र एकअर्कालाई अविश्वास गर्छन्। तर वैद्य, बादल र अन्य असन्तुष्ट नेताहरूले भट्टराईलाई धाप दिएबापत जति लाभ पाए सायद त्यसभन्दा बढी पाउने उनीहरूको उम्मेद थियो।

---

९५,००० छ र सेनाको तथ्याङ्कअनुसार सेनामा मधेसीहरू ७ प्रतिशत छन्, जुन मधेसीहरूको ४० प्रतिशत जनसङ्ख्याको तुलनामा निकै कम हो। नागरिक समाजका एक जना कार्यकर्ताका अनुसार नेपाली सेनाको यो सूचना झुक्याउने खालको छ। उनीहरूले यसमा सरसफाइ तथा भान्छाको काम गर्ने मधेसी कर्मचारीहरूको सङ्ख्या पनि जोडेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अक्टोबर २०११। माओवादी-मधेसी सम्झौता भएपछि अन्य सञ्चारमाध्यमहरूले दिएका समाचार र टिप्पणीमा त मधेसीहरूले साँच्चि नै सङ्घीयता चाहेका हुन् भन्ने कुराप्रति नै चुनौती गरिएको छ, यद्यपि वास्तविकता यसको ठीक उल्टो रहिआएको छ। यसका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित।

[४७] यी तर्क तथा अडानउपरको अत्यन्त राम्रो विश्लेषणका लागि हेर्नुहोस् प्रशान्त झा, "The conservative assault", *The Kathmandu Post*, १५ सेप्टेम्बर २०११, तथा दीपक थापा, "The enigma of identity", *The Kathmandu Post*, २२ जून २०११।

[४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी पार्टीका सदस्यहरू, काठमाडौं, सेप्टेम्बर, अक्टोबर २०११।

[४९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी, माओवादी पार्टी सदस्यहरू, काठमाडौं, सेप्टेम्बर, अक्टोबर २०११।

[५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अनुसन्धाताहरू, काठमाडौं, अक्टोबर २०११।

[५१] यो भिन्नभिन्न स्वार्थहरूद्वारा निर्देशित विविधतायुक्त गुट हो। थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* तथा क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित।

[५२] माओवादी पार्टीभित्रका समस्याबारे सञ्चारमाध्यममा धेरै कुरा आएका छन्। किरण पक्षको अडानबारेमा विस्तारमा बुझ्न हेर्नुहोस् पोष्टवहादुर बस्नेतले लिएको अन्तर्वार्ता "An end to violence… through the use of violence", *Himal South Asian*, अक्टोबर २०११।

[५३] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित।

हाल उनीहरू आफ्नो भूमिका बढी खोज्ने र भाँजो हाल्ने जस्ता देखिएका छन्।[५४] निजी जोडघटाउ र गुटबन्दीको तानातान शक्ति सन्तुलनकै एउटा हिस्सा हो, तर यस दाउमा केही गहन प्रश्नहरू उठेका छन्। नोभेम्बर २००५ मा परम्परागत संसदीय पार्टीहरूसित सम्झौता गरेदेखि र एक हिसाबले सन् १९९६ मा युद्ध सुरु गरेदेखि यता माओवादी पार्टीले यति कठिन चुनौती भोग्नुपरेको थिएन। सबै माओवादी नेताहरूको लक्ष्य आखिर एउटै हो, उनीहरूमा केही फरक छैन भन्ने गरिन्छ। खालि प्रचण्ड र भट्टराईको भूमिका मच्चन केही लामो भएकाले वैद्यलाई मन नपरेको हो भन्ने ठानिन्छ। तर त्यसभन्दा धेरै ठूलो र मूलभूत सवाल खडा भएको छ। लडाइँ गरेर, राजालाई हटाएर अनि संसदीय राजनीतिमा प्रवेश गरिसकेपछि अब आएर त्यस पार्टीले सङ्घीयता, जातीय पहिचानको मान्यता र नेपाली सेनामा सुधार ल्याउने जस्ता आफ्ना एजेन्डालाई कतिसम्म धमिलिन दिने त्यसबारे निर्णय लिनुपर्छ।[५५] यी विषय माओवादी पार्टी कुन बाटो जाँदैछ भन्नेसित सम्बन्धित छन् र पार्टीले एउटा आन्दोलनको छवि कायम राख्ने कि एउटा सामान्य राजनीतिक सङ्गठनको रूप लिने भन्ने कुरासित जोडिएका छन्।

पार्टी फुट्ने चर्चा पनि चलेको छ। केही पछि गएर त्यसो हुन सक्ला, तर हाललाई फुटिहाल्ने अवस्था छैन। जनमुक्ति सेनाको हिस्सा वा त्यससित सम्बन्धित राजनीतिक नेतृत्व जनयुद्ध थाल्नलाई भूमिगत हुन तयार रहेका लक्षणहरू कम छन्। पार्टीका निर्णयकारी निकायहरू जस्तै— स्थायी समिति, पोलिटब्युरो, केन्द्रीय समिति, विभिन्न युनियनहरूका नेतृत्वदायी निकायहरू, क्षेत्रीय मोर्चाहरू आदिमा फाटो हुन सम्भव छ, तर पार्टीको विस्तृत सङ्गठन तथा समर्थनको आधारलाई फुटाउन त्यति सजिलो छैन।[५६] यी यस्ता आधारहरू हुन् जसलाई पार्टीले आवश्यक परेका बेला सफलतासाथ परिचालित गर्न सक्छ, जस्तै मे २०१० मा गरिएको नेपाल बन्द। तल्ला तहका कार्यकर्ताहरूलाई सोध्ने हो भने धेरैभन्दा धेरै कार्यकर्ताहरू एकता हुनुपर्ने र नेताहरूमा अनमेल हुन नहुने बताउँछन्, विशेषगरी मूलभूत मुद्दाहरूमा। जनमुक्ति सेनाको पुनर्वर्गीकरण प्रक्रिया र समायोजन तथा अवकाशपछिको वातावरणका कारण उत्पन्न हुन सक्ने असन्तुष्टिले परिस्थिति बदलिन सक्छ, तर हाललाई त्यो सम्भावना देखिँदैन। लडाकूहरू चित्त नबुझे पनि जे त होला भन्ने मनस्थितिमा छन्, उनीहरूलाई चिन्ता आफ्नै भविष्यबारे छ।

वैद्य खेमाको चित्त के कुराले बुझ्छ त्यो प्रस्ट छैन। वर्तमान सन्दर्भमा उनीहरूले खोजेका कुरामा समायोजन राम्रोसित होस्, भूमिसुधार तथा सङ्घीयता जस्ता माओवादी एजेन्डाहरू परेका संविधान बनोस्, सरकारमा ठाउँ मिलोस् र पार्टी जिम्मेवारी बाँडियोस् भन्ने देखिन्छ। यस खेमाको पार्टी र पार्टीको सेनाभित्रको केही महत्त्वपूर्ण हिस्सामा पकड छ। त्यसैले प्रचण्ड र भट्टराईले अरू पार्टीहरूसित गरेका सम्झौताहरूको परिपालनामा समस्या खडा गरिदिन सक्छन्। तर त्यसो गर्नाका लागि यस खेमाले सरकारमा भाग लिनुपर्छ या त अर्को सरकारमा आफ्नो प्रभाव मजबुत पार्ने हिसाबमा यस सरकारलाई ढाल्नुपर्छ। यी दुईमध्ये एउटा काम नगरी सुख छैन। प्रचण्ड अहिले पूरै भट्टराईसित मिलेका छन्। तर शान्ति प्रक्रियालाई अघि बढाउन उनले वैद्य गुटलाई पनि साथमा लिनुपर्ने हुन्छ र भट्टराईको सफलताबाट उनलाई निजी रूपमा आइपर्ने चुनौतीलाई पनि घटाउन सक्नुपर्छ। नेताहरूका सामु विकल्प साँघुरिँदै जानुअघि र पार्टी फुटको सङ्घारमा पुग्नुअघि गुटहरूमा परिवर्तन भएको देख्न सकिनेछ।

## ख. नेपाली काङ्ग्रेस

नेका सामु दुईवटा समस्या छन् र ती एकअर्कासित गुजुल्टिएका छन्। औपचारिक शान्ति प्रक्रियालाई अघि बढाउन नोभेम्बर १ तारिखको सम्झौतामा पुग्नका लागि नेतृत्वले यसअघिका वर्षहरूमा जस्तो बाधा पुऱ्याउने, रोक्ने र बोली फेर्ने काम नगरी एउटा निश्चित भूमिका देखायो। संविधान जारी भएपछिको र आमचुनाव हुनुअघिको अवधिमा नेकाले सरकारको नेतृत्व गर्न पाउनेछ भन्ने अनौपचारिक वचन प्राप्त भएपछि यस्तो परिवर्तन आएको थियो। तर नेकाको अर्को समस्या भनेको उसको छरिएको एकता हो। त्यस बेला बन्ने सरकारमा भाग खोज्ने दाबेदारहरू पार्टीभित्र धेरै हुनेछन् र आफूले भाग नपाएमा भाँजो खडा गर्नेहरू पनि धेरै हुनेछन्। सभापति सुशील कोइराला र पहिलेका प्रधानमन्त्री शेरबहादुर देउवाबीच नेकाउपर नियन्त्रण जमाउन होडबाजी चल्ने प्रस्ट देखिन्छ।[५७] राष्ट्रिय राजनीतिमा पार्टीको प्रतिनिधित्व कसले गर्ने र शान्ति प्रक्रियामा पार्टीले कस्तो भूमिका निर्वाह गर्ने भन्नेमा उनीहरूको विमति हुनेछ।[५८]

कुनै गुटको सदस्यता सधैं एक नासको रहँदैन। कोइराला र देउवाका कट्टर समर्थकहरू पनि आफ्नै नेताहरूका कुरा काटिरहेका भेटिन्छन्। एकदमै सुनिने सिकायतमा शीर्ष नेताहरूले सबै राजनीतिक

[५४] हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[५५] यसबारे तीक्ष्ण विश्लेषणका लागि हेर्नुहोस् आदित्य अधिकारी, "All of us cannot be right", *The Kathmandu Post*, ९ नेभोम्बर २०११। पृष्ठभूमि थाहा पाउनका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Nepal's Peace Agreement: Making it Work*, तथा क्राइसिस ग्रुप रिपोर्ट नं. १३२, नेपालका माओवादीः विशुद्धतावादी कि व्यवहारवादी?, १८ मे २००७।

[५६] यो अनुच्छेद अनुसन्धाता, स्थानीय पत्रकार, माओवादी पार्टीका कार्यकर्ता, जनमुक्ति सेनाका सदस्यहरूसँग काठमाडौंमा अगस्ट, अक्टोबर, नेभेम्बर २०११ मा क्राइसिस ग्रुपको अन्तर्वार्ताहरू र चितवन र सुर्खेतमा टेलिफोनबाट गरिएको कुराकानीमा आधारित छ।

[५७] देउवाले २००२ मा पार्टीलाई दुई टुक्रा पार्दै नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) स्थापना गरेका थिए। नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) सन् २००७ मा मातृ पार्टीमा एकीकृत भयो। देउवा आफै सन् १९९५-१९९७, सन् २००१-२००२ र सन् २००४-२००५ गरी तीन पटक प्रधानमन्त्री भइसकेका छन्। दोस्रो कार्यकालमा उनलाई राजा ज्ञानेन्द्रले बर्खास्त गरेका थिए, राजाबाटै पुनः नियुक्ति पाएका उनी फेरि पनि राजाबाटै बर्खास्त गरिएका थिए।

[५८] नेपाली काङ्ग्रेसभित्रको विवादका बारेमा हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

अवसरहरूमा एकाधिकार जमाए र आफूमुनिका कार्यकर्ताहरूको भविष्यबारे उनीहरू वास्ता गर्दैनन् भन्ने छ।[५९] यस्ता सिकायत झन्डैझन्डै माथ्ला तहमा पुगेका "दोस्रो पुस्ता"का नेताहरूबाट आउने गरेको छ। नेकाभित्रको राजनीतिक जीवनको प्रकृति नै यस्तै छ। त्यहाँ पार्टी निर्वाचन राजनीतिक हैसियत बढाउने माध्यम कहिले पनि रहेन। सन् २०१० मा गिरिजाप्रसाद कोइरालाको मृत्यु नहुँदासम्म संरक्षण सञ्जालभित्र पस्न सक्ने योग्यतामा निर्णयकारी क्षमता र निजी प्रभाव निर्भर हुन्थ्यो। गिरिजाप्रसाद कोइरालाको मृत्योपरान्त यस सञ्जाललाई नियन्त्रण गर्न सक्ने मियो देखा परेको छैन। सबै वरिष्ठ नेताहरू उमेर, राजनीतिक अनुभव र इतिहासका हिसाबले एक समान छन्। वरिष्ठतम व्यक्तिको अभावमा हरेक पदका लागि कैयन् दावेदारहरू निस्कन्छन् र आन्तरिक निर्वाचनको सामना गर्न सबै जना गाह्रो मान्छन्। नेकाको हातमा स्रोतहरू पनि थोरै छन्। पार्टी सङ्गठनलाई मजबुत पार्ने कामतिर लाग्नुभन्दा शान्ति प्रक्रियालाई ढिलो पार्नेतिर आफ्नो ध्यान केन्द्रित गर्नाले हुने नोक्सानीको हिसाब नेकाले राम्रोसित गर्न सकेन।

सभापति सुशील कोइराला आफ्नो नेतृत्व कहिलेसम्म धान्न तयार छन् भन्ने निकै महत्त्वको प्रश्न हो। उनले अहिलेसम्म कुनै राजनीतिक पदमा जाने रुचि देखाएका छैनन्, उनी पार्टीको पदमै सन्तुष्ट देखिन्छन्। तर बितेका अठार महिनामा के देखिएको छ भने पार्टीमा उनले आफ्नो स्थानलाई बलियो पार्ने हो र देउवा तथा अरूका चुनौतीलाई मत्थर पार्ने हो भने उनले आफ्ना समर्थकहरूलाई पार्टी र सरकारी पदमा ठाउँ दिलाउन सक्नुपर्छ अनि निर्णय क्षमता देखाउन सक्नुपर्छ। उनले देउवा गुटको वर्चश्व रहेको नेकाका भ्रातृ सङ्गठनहरूका निर्वाचित केन्द्रीय समितिहरूको विघटन गरेर आफ्नो अधिकार प्रदर्शन गर्ने र प्रभाव विस्तार गर्ने प्रयास नगरेका होइनन्, तर उनको त्यो निर्णय रुचाइएन।[६०] अब उनले दीर्घकालीन रणनीति अँगालेको देखिन्छ। उनी पार्टीबाहिर ठूलो भूमिका खोजिरहेका देखिन्छन्, जस्तै नेकाको नेतृत्वमा बन्ने सरकारको प्रधानमन्त्री। त्यसबाट स्रोतहरूको परिचालन गर्न, अर्को आमचुनावका लागि तयारी गर्न र पार्टीको कमजोर नैतिकबल उकास्न मद्दत पुग्छ।[६१] त्यसो भएमा उनको व्यक्तिगत महत्त्वाकाङ्क्षा शान्ति प्रक्रियाप्रतिको पार्टीको दृष्टिकोणलाई बदल्ने कारण बन्नेछ। त्यसबाट शान्ति प्रक्रियाको गति केही सुस्त हुन सक्ला, तर प्रक्रिया आफै भने समाप्त हुने छैन।

## ग. मधेसी पार्टी

मधेसी मोर्चाले आफ्ना सदस्य पार्टीहरू विखण्डनको रोगबाट ग्रस्त भए पनि राष्ट्रिय राजनीतिमा एकताबद्ध र स्वतन्त्र शक्तिका रूपमा आफ्नो सान्दर्भिकतालाई पुनःस्थापित गरेको छ।[६२] मोर्चाले मे २०११ ह्वात्त माथि आउने मौका पायो जुन बेला बलियो मधेसी शक्ति मानिएको उपेन्द्र यादवद्वारा नेतृत्व गरिएको मधेसी जनअधिकार फोरम (नेपाल) फुट्यो र संविधानसभाका बाह्र जना सदस्यहरूलाई लिएर जयप्रकाश गुप्ताले मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) गठन गरे।[६३] त्यो नयाँ पार्टी मोर्चामा सामेल भयो, जसले गर्दा मोर्चालाई माओवादी वा नेका र एमाले कसैसित पनि मिलेर बहुमतको गठबन्धन सरकार बनाउन सक्ने सङ्ख्या प्राप्त भयो। भट्टराईको सरकार बनाउन उनीहरूले खेलेका भूमिकाले उनीहरूलाई झनै बलियो बनायो। यो नेकाका लागि मोर्चालाई आफ्नै त हो भनेर कनिष्ठ साझेदारका रूपमा व्यवहार गर्नु हुँदैन भन्ने शिक्षा पनि हो। त्यसका साथै माओवादीहरूलाई पनि सावधान रहने सङ्केत हो, यदि उनीहरू आफ्नो सरकारलाई टिकेको हेर्न चाहन्छन् भने मोर्चालाई गतिलो हिस्सा दिनुपर्छ भन्ने।[६४] मोर्चाका नेताहरूका भागमा परेका बाह्रवटा

---

[५९] धेरैजसो "दोस्रो पुस्ताका" नेताहरू ५५ वर्ष लागेका छन्। यो अनुच्छेद नेकाको दोस्रो तहका जानेमाने नेताहरू र केही युवा नेताहरूसँग क्राइसिस ग्रुपले जुलाई, अक्टोबर २०११ मा गरेको अन्तर्वार्तामा आधारित छ।

[६०] सेप्टेम्बर २०११ मा कोइरालाले नेकाका युवा, महिला, आदिवासी र सुषुप्त रहेको "सैनिक" सङ्गठनका केन्द्रीय समितिहरू भङ्ग गर्ने आदेश दिए। उनले यो काम देउवाको कडा आपत्ति र विरोधका बाबजुद गरेका थिए। देउवाको तर्क नयाँ चुनाव नहोउञ्जेल यी समितिहरूलाई काम गर्न दिइनुपर्छ भन्ने थियो। यसपछि केही नाटकीय घटनाहरू भए, देउवा गुटका नेताहरू अनसनमा बसे अनि स्वयं देउवाले केन्द्रीय कार्यसमितिबाट राजीनामा दिए। कोइरालाले राजीनामा स्वीकार गरेका छैनन् तथा देउवाले पनि अर्को कुनै कदम चालेका छैनन्।

[६१] प्रचण्डले सुशील कोइरालालाई आगामी चुनावी सरकारको प्रधानमन्त्री बन्न प्रस्ताव गरेको बताइन्छ। उनको यस प्रस्तावमा कोइराला नेकाको नेता मात्र नभएर पूरै राष्ट्रको नेता देखिनुपर्ने र पार्टी कार्यकर्तालाई खुसी पार्नुपर्ने उनको खाँचो प्रतिबिम्बित भएको छ। यो प्रस्ताव राज्यको नेतृत्व गर्दा स्वतः हातमा आउने स्रोत तथा साधनको प्रयोग गर्दै आगामी चुनाव लड्ने काङ्ग्रेसको चाहना अनुकूल छ। प्रधानमन्त्रीका रूपमा कोइराला पार्टीभित्रै पनि सबैका लागि स्वीकार्यचाहिँ हुने छैनन्। तर आफ्नो राजनीतिक भविष्य धर्मराएको देख्ने नेकाका दोस्रो पुस्ताका लागि कोइराला र देउवा जो आए पनि फरक पर्ने छैन, सवाल कसले उनीहरूलाई आफ्नो साथ लिन्छन् भन्ने हो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट, सेप्टेम्बर २०११।

[६२] यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित।

[६३] यही समयमा मधेस राजनीतिका एक जना महत्त्वपूर्ण व्यक्ति महेन्द्र यादवले तराई मधेस लोकतान्त्रिक पार्टी (नेपाल) (तमलोपा नेपाल) फुटाए, तर आफ्नो मातृ पार्टी जस्तै उनी मोर्चाको एउटा घटक भने बनिरहे। सन् २००७ को मधेस आन्दोलनअगाडि समावेशीकरणलाई शान्ति प्रक्रियाको मुख्य मुद्दा बनाउँदै मधेसी जनअधिकार फोरम (मजफो) मुख्य शक्तिका रूपमा उदाएको थियो तथा सन् २००८ को संविधानसभा निर्वाचनमा देशको चौथो ठूलो पार्टी बन्न पुगेको थियो। तर यसका नेता उपेन्द्र यादवको माओवादीसँगको निकटता विजय गच्छेदार लगायत उनका धेरै सहकर्मीहरूलाई मन परेको थिएन। गच्छेदारले सन् २००९ मा प्रचण्डको राजीनामापछि बनेको माधवकुमार नेपालको नेतृत्वको सरकारलाई समर्थन गर्न पार्टी फुटाए र मधेसी जनअधिकार फोरम लोकतान्त्रिक मजफो (लोकतान्त्रिक) गठन गरे। "फोरम"को नामले लोकप्रिय रहेको मूल पार्टीका सुरुका ५४ जना सभासदमध्ये १२ जना मात्र पार्टीमा बाँकी छन् र यो मजफो (नेपाल) का नामले चिनिन्छ। यो पार्टी मधेसी मोर्चाको सदस्य छैन।

[६४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी पार्टीका नेताहरू, काठमाडौं, अक्टोबर २०११।

मन्त्रालयहरू निकै महत्त्वपूर्ण छन्। तिनमा गृह, भौतिक योजना जस्ता मन्त्रालयका साथै शक्तिहीन भए पनि अहिले सबैको नजरमा चढेको रक्षा मन्त्रालय पनि पर्दछ।

यसबाट नेताहरूले पाएका लाभ त आफ्नो ठाउँमा छँदैछ, त्यसबाहेक मोर्चाका पार्टीहरूले मे महिनादेखि देखाएका एकताबाट तराईमा उनीहरूको निर्वाचन क्षेत्रमा जनसामान्यका चिन्ता-चासो र सन् २००७ को मधेस आन्दोलनले उठाएका मागहरू टेबलबाट हराएका छैनन् भन्ने भावना पल्हाएको छ।[६५] उनीहरूको चुनौती भनेको यस एकतालाई कायम राख्नु हो। मधेसी पार्टीहरूको संरचना र तिनको सञ्चालनको तौरतरिका नै यस्तो छ जसले सङ्गठनात्मक एकतालाई उतिविघ्न महत्त्व दिँदैन।[६६] अरू ठूला पार्टीहरूझैं मधेसी मोर्चाका सदस्यहरूले आफ्नै पार्टीभित्रका तथा पार्टीहरू र तिनका नेताहरूबीचका अनेक थरी तनावहरूलाई ठेगान लगाउनुपर्ने हुन्छ। यो कुरा सरकारी मन्त्रालयहरूलाई फुटाउन गरिएको समस्यामूलक अभ्यासबाट प्रस्ट देखिएको छ।

शान्ति प्रक्रिया र सत्ता-साझेदारीका लागि अर्को चुनाव नहुँदासम्म संयुक्त रूपमा सौदाबाजीको ठाउँ राख्नु उनीहरूको हकमा हुनेछ। अझ खासगरि मधेसी नेताहरूको राष्ट्रियता र निष्ठाप्रति सधैं प्रश्न उठिरहने हुनाले पनि त्यसो गर्नु पर्ने हुन्छ।[६७] अहिले उनीहरू माओवादीहरूसितको गठबन्धनमा छन्, तर मधेसी पार्टीहरूलाई के राम्रोसित थाहा छ भने उनीहरू एक गठ भएर बस्न सकेमा मात्रै कुनै पनि पार्टीसितको गठबन्धनबाट फाइदा लिन सक्छन्। "हामी गैर-माओवादी सरकारमा सामेल हुन्छौं, हामीलाई खराब (राष्ट्रविरोधी र भ्रष्ट) भन्छन्। हामी माओवादी सरकारमा सामेल हुन्छौं, हामीलाई खराब भन्छन्। हामी सरकारमा नबसे पनि हामीलाई खराब नै भन्ने छन्। तर हामीसित मिल्ने अरू कुनै पार्टीलाई हामीसित मिलेकोमा दाग लाग्दैन। त्यसैले हामी त्यही गर्छौं, जो हामीले गर्नुपर्छ", एक जना मधेसी वरिष्ठ नेताले भने।[६८] सङ्घीयताको बहसमा मधेसी पार्टीहरूको महत्त्वपूर्ण भूमिका रहनेछ र उनीहरूले नेपाली सेनामा भर्ना तथा समावेशीकरणबारे अहिलेसम्म प्रस्तुत नभएको विधेयकबारे आवाज उठाइरहने छन्।

## घ. एमाले

अस्ति भर्खरसम्म माओवादीहरूलाई साथ लिएर हिँड्नुपर्छ भन्ने मान्यता राख्ने झलनाथ खनालले नेतृत्व गरेको एमालेको खेमाको हात के.पी. शर्मा ओली र पहिलेका प्रधानमन्त्री माधवकुमार नेपालद्वारा नेतृत्व गरिएको पार्टीभित्रका माओवादी विरोधी अनुदारवादी खेमाको भन्दा एकपटक माथि रहेको भए पनि अब त्यो अवस्था रहेन।[६९] यो आंशिक रूपमा खनाललाई प्रधानमन्त्रीको पदबाट गिराउन माओवादीहरूले देखाएका तत्परताको परिणाम हो। एमालेले माओवादी विरोधी र माओवादी समर्थित दुवै सरकारको नेतृत्व पालैपालो गरेको छ। तर एमालेको खास समस्या पार्टीभित्रको गुटबन्दीभन्दा पनि यसले भविष्यमा लिने बाटो हो। विगत पाँच वर्षमा अहिलेको सरकार पहिलो हो एमाले सहभागी नबनेको। तर यो उनीहरूको सुझबुझ वा वैचारिक कारणबाट हुन गएको होइन। पहिलो पटक पार्टीभित्रका दक्षिणपन्थी र वामपन्थी खेमा एकै ठाउँमा उभिन पुगेका छन्। खनालले माओवादीहरूसित चिढिएर आफ्नो अडान बदलेका हुन्। पार्टीमा प्रभावशाली नेता रहिरहे पनि ओलीको शाख काठमाडौंको मूलधारको राजनीतिमा गिर्दो छ, नेपाल ढुलमुले नीति बोकेर बीचमा उभिएका छन्।[७०] नेका अर्को चुनावमा आफ्नो अवस्था बलियो बनाउन सक्रिय भएको छ र यस वर्ष केही आमसभाहरूको आयोजना पनि उसले गरेको छ, तर एमालेले भने आफ्नो सङ्गठनात्मक शक्ति वा गतिविधि बढाउन अहिलेसम्म केही गरेको छैन।

---

[६५] मधेस विद्रोहले शान्ति प्रक्रियाको प्रकृतिलाई नै परिवर्तन गरिदियो तथा समावेशीकरणलाई केन्द्रीय विषय बनाइदियो। सन् २००७ को सुरुसम्मको प्रक्रियामा माओवादी र संसदीय दलहरू मिलेर राजालाई हटाउने काम भयो, त्यसपछि माओवादी र परम्परागत पार्टीहरूका बीचमा अप्ठेरो सहकार्यको बिन्दु खोज्ने कुरा नै मुख्य थियो। मधेस आन्दोलनपछि भने तराई राजनीतिको महत्त्वपूर्ण तत्त्व या कारकशक्ति बन्न पुग्यो र जनमुक्ति सेनाको समायोजन जस्तै सङ्घीयता तथा समावेशीकरण शान्ति प्रक्रियाका केन्द्रीय विषय हुन गए। खासगरी नेकाका मधेसी मूलका धेरै वरिष्ठ सदस्यहरू पार्टी छाडेर या त नयाँ पार्टी खोल्न पुगे या त मधेसी पार्टीहरूमा प्रवेश गरे।

[६६] पछिल्ला तीन ठूला विभाजन र तिनका कारणहरूबारे एकदमै राम्रो विश्लेषणका लागि हेर्नुहोस् प्रशान्त झा, "The great Madhesi mushrooming", *The Kathmandu Post*, २० जुलाई २०११।

[६७] मधेसी दलहरूमाथिको अर्को ठूलो आरोपचाहिँ तिनीहरू असाध्य भ्रष्टाचारी हुन्छन् तथा राज्यका स्रोत लुट्नकै लागि सरकारमा भाग लिन्छन् भन्ने रहेको छ। तर सरकारमा जाने अरू दलहरूको कार्यकाल पनि गह्राउने भ्रष्टाचार काण्डहरू, नातावादका विश्वसनीय आरोपहरूमा मुछिएको छ। कतिपय परम्परागत पार्टीका सदस्यहरू दाताहरूबाट अनुदान लिने गैससहरूसँग सम्बन्धित छन्। सबैजसो पार्टीका स्थानीय तहहरूले विकास निर्माणका ठेक्कापट्टाबाट फाइदा लिने गरेका छन्। प्रत्यक्ष तथा अप्रत्यक्ष भ्रष्टाचार विभिन्न स्वरूपमा विभिन्न तहमा व्याप्त छ। यस्ता मामिलामा कुन पार्टी कति राम्रो र कति खराब छ भनेर तथ्यगत रूपमा केलाउन निकै मुस्किल छ। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट नं. १९४, *नेपालको राजनीतिक संस्कार,* २९ सेप्टेम्बर २०१०।

[६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, डिसेम्बर २०११।

[६९] एमालेभित्रको गुटबन्दीबारेमा विस्तारमा जान्नका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[७०] उदाहरणका लागि, प्रधानमन्त्रीको पदमा रहुञ्जेल माओवादीका जति कट्टर विरोधी थिए माधव नेपाल अहिले त्यति छैनन्। के.पी. ओलीलाई सन् २०११ को सुरुतिर आपत्काल लागेको अवस्थामा राष्ट्रपतिले बनाउने प्रधानमन्त्रीका रूपमा चित्रित गरिन्थ्यो। मूलधारका प्रजातान्त्रिक राजनीतिज्ञहरू वा नेकाभित्रैका नेताहरूसमेत त्यस्तो पद स्वीकार्न तयार हुने थिएनन्, भलै उनीहरूले माओवादीलाई ठीक पार्नका लागि राष्ट्रपति शासन नै एक मात्र उपाय हो भनी ठानेका थिए।

### ङ. अनुदारवादी पुनरुत्थान

संविधान लेखनको प्रक्रिया अघि बढ्दै जाँदा र मे २०१२ को म्याद फेरि थपिन नसक्ने देखिएबाट अनुदारवादी परम्परागत राजनीतिक पार्टीहरूले नयाँ जाँगर र जोस तथा अवसर फेला पारेका छन्। तीन ठूला अनुदारवादी पार्टीहरू राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) राजनीतिक सान्दर्भिकता पुनः प्राप्त गर्ने उद्देश्यले एउटै हुने प्रयासमा छन्।[७१] यी तीनवटै पार्टी सङ्घीयता र धर्मनिरपेक्षताबारे जनमत सङ्ग्रह गरिनुपर्ने माग गरिरहेछन्। राप्रपा (नेपाल) ले आफूलाई संवैधानिक राजतन्त्र पुनःस्थापित गर्ने पक्षमा उभ्याएको छ, तर नयाँ संविधान बनेर पारित भएपछि उसले आफ्नो अडानलाई फेर्न सक्नेछ। राजाबिनाको अनुदारवादी एजेन्डाको माग जनस्तरमा देखिएको छ। धेरैले हालैको संवैधानिक परिवर्तनबाट आफूले बुझेको नेपाली राष्ट्रिय पहिचानको परम्परागत दृष्टिकोणउपर आक्रमण भएको ठानेका छन् र जनसङ्ख्याको एउटा हिस्सा धर्मनिरपेक्षता एवं पहिचानमा आधारित सङ्घीयताको विरोधमा छ।[७२] तर जसरी माओवादीहरूले आफ्ना एजेन्डाका महत्त्वपूर्ण अङ्गहरूमा सम्झौता गरेका छन् त्यसरी नै अनुदारवादी पार्टीहरूले पनि सम्झौता गर्नुपर्ने हुन्छ, उदाहरणका लागि कुनै न कुनै प्रकारको सङ्घीयतामा उनीहरू सहमत हुनैपर्छ।

दक्षिणपन्थी धारमा हिन्दू पुनरुत्थानवादी समूहहरू पर्दछन् जसमा माथ्ला जातका बाहुन र छेत्री समूहहरू तथा सङ्घीयता विरोधी सञ्जालहरू छन्। तिनीहरूका एजेन्डा एकआपसमा खप्टिएका छन्। तिनीहरू सबै सङ्गठनात्मक शक्ति बढाउनमा लागेका र ठोस संवैधानिक निर्णय आएपछि शक्ति परिचालन गर्ने बताउँछन्।[७३] विश्व हिन्दू महासङ्घ र शिवसेना नेपाल जस्ता धर्मनिरपेक्षता विरोधी हिन्दूत्ववादी समूहहरू पनि मौकाको ताकमा बसेका छन्, तर इसाईहरूद्वारा धर्म परिवर्तन भइरहेको छ भनी कराउँछन्।[७४] यिनीहरूले सक्रिय रूपमा आफ्ना गतिविधि बढाएका वा उनीहरूको जुझारुपनमा वृद्धि भएको लक्षणहरू देखिएका छैनन्। केही दक्षिणपन्थी समूहहरू हिंसा प्रयोग गर्न पनि उनीहरू तयार रहेका दाबी गर्छन्। हिंसा मच्चाउने उनीहरूको क्षमता कतिको छ त्यो प्रस्ट छैन, तर यस बखत आक्रलझुक्रल आतङ्कवादी हमला गर्नुमै उनीहरूको गतिविधि सीमित देखिन्छ।[७५] यी अनुदारवादी सञ्जालहरू के कति पानीमा छन् भन्ने कुरा संवैधानिक बहस निर्णायक चरणमा पुगेपछि मात्रै थाहा हुनेछ। तर ससाना र एक्का दुक्का समूहहरूबाट खतरा आउन सक्ने सम्भावना छ।

## ७. पार्टीइतर पात्रहरू

सङ्घीयताको पक्ष र विपक्ष दुवैतर्फ अनेकन् समूहहरू सक्रिय छन्। तिनमा केही निकै जुझारु छन् र बेलाबखत उनीहरूबाट हिंसाको कार्य पनि भएको छ।

---

[७१] "Talks to unify RPP, RJP, RPP(N) inconclusive", *Republica*, १७ नोभेम्बर २०११। अनुदार पार्टीहरूका बारेमा हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित। संविधानसभामा राप्रपाका आठ, राजपाका तीन र राप्रपा (नेपाल) का चार जना सदस्य छन्। राजपा र राप्रपा (नेपाल) क्रमशः सन् २००५ र सन् २००८ मा राप्रपाबाट फुटेर बनेका हुन्।

[७२] जनमत सर्वेक्षणका आफ्ना सीमाहरू हुन्छन्, अझ त्यसका प्रश्नावली तयार पार्ने तरिका पनि धेरै हुन्छन्। उदाहरणका लागि हिमाल मिडियाले सन् २०१० मा गरेको एउटा सर्वेक्षणमा ३६.३ प्रतिशत उत्तरदाताहरूले सङ्घीयताको विरोध गरे भने जम्मा २७.२ प्रतिशत यसको पक्षमा देखिएका थिए। त्यही सर्वेक्षणमा ५२.२ प्रतिशतले नेपाललाई पुनः हिन्दू राज्य बनाउनुपर्ने चाहना व्यक्त गरेका थिए। "राष्ट्रिय सर्वेक्षण २०६७", *हिमाल खबरपत्रिका*,२९ अप्रिल-१४ मे २०१०। हिमाल मिडियाले सन् २०११ मा गरेको सर्वेक्षणमा ७६ प्रतिशत उत्तरदाताले पहिचानमा आधारित सङ्घीयताको विरोध गरेका थिए। "हिमाल जनमत २०६८:, सङ्घीयता र शासनप्रणाली", *हिमाल खबरपत्रिका*, १५-२९ मे २०११। धर्मनिरपेक्षताको राजनीतिक सिद्धान्तले नेपाली समाजलाई धर्मनिरपेक्ष हुनबाट झनै रोकेको छ भन्ने तर्कका लागि हेर्नुहोस् दीपक ज्ञवाली, "Nepali secularism and its discontents", *Spotlight*, २२ डिसेम्बर २०११।

[७३] छेत्री सङ्गठनहरूमध्ये चिनिएका चाहिँ छेत्री समाज नेपाल, खस छेत्री एकता समाज आदिवासी/जनजाती र खसछेत्री समाज राष्ट्रिय महासङ्घ मुख्य हुन्। महासङ्घको मुख्य कार्यसूची भनेको छेत्री पहिचान र प्रकारान्तरले नेपालको राष्ट्रियता सङ्कटमा छ भन्ने परिकल्पनामा आधारित छ। छेत्री समाज नेपाल र खस छेत्री एकता समाजको मुख्य प्राथमिकता खस छेत्रीलाई आदिवासीको मान्यता दिलाउनु रहेको छ। छेत्री समाज नेपालले त अगस्ट २०११ मा आफ्नो दावीबारे अध्ययन गर्न एउटा कार्यदल बनाउन दबाब दियो। "कार्यदल घोषण महासङ्घको व्यवस्था", *पुनर्जागरण*, २ अगस्ट २०११। छेत्री समाज नेपाल र खस छेत्री एकता समाज जातीय सङ्घीयताको विपक्षमा छन् भने महासङ्घवालाहरू हिन्दू राष्ट्रको पुनर्स्थापनाको पनि माग गर्छन्। महासङ्घले ब्राह्मण समाज नेपालसँग रणनैतिक गठबन्धन पनि गरेका छन्, "Chhetris, Brahmins demand indigenous status", अनलाइन, १५ नोभेम्बर २०११। छेत्री समूहहरूका बारेमा हेर्नुहोस् पहिलेको क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित।

[७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, हिन्दूवादी कार्यकर्ताहरू, बाँके, मे २०११ तथा काठमाडौं, नोभेम्बर २०११।

[७५] इसाईहरूको विकासे संस्था युनाइटेड मिसन टु नेपाल (युएमएन) को काठमाडौंस्थित कार्यालयअगाडि नोभेम्बर २०११ मा भएको सानो बम विस्फोटसँगै नेपाल डिफेन्स आर्मीको नाममा पर्चा भेटिएको थियो। "Bomb goes off in front of UMN office", *The Kathmandu Post*, २३ नोभेम्बर २०११। यसअगाडि सन् २००८ र २००९ मा एउटा मस्जिद र चर्चमा भएका बम आक्रमणमा पनि नेपाल डिफेन्स आर्मी जिम्मेवार थियो। त्यसमध्येको एउटा विस्फोटमा तीन जनाको ज्यान गएको थियो। यसका नेता आर.पी. मैनालीको गिरफ्तारीपछि यो सङ्गठन निष्क्रिय देखिएको थियो, पछिल्लो घटनापछि यो फेरि सक्रिय भएको हो कि भन्ने प्रस्ट छैन। अरू धेरै दक्षिणपन्थी सशस्त्र समूहहरू पनि बेलाबेलामा वक्तव्य निकालेर धम्की दिनमै सीमित देखिन्छन्। थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १९४, *नेपालको राजनीतिक संस्कार*, माथि उल्लेखित।

केही आदिवादी समूहहरू, त्यसमा पनि विशेषतः पूर्वी पहाडमा सक्रिय रहेका समूहहरूले जातीय आधारको चर्को सङ्घीयताको एजेन्डा बोकेका छन्।[७६] तिनमध्ये ठूला र सार्वजनिक रूपमै सङ्गठित समूहहरूमा सङ्घीय लिम्बूवान राज्य परिषद् (एउटा कुमार लिङ्देनको नेतृत्वको तथा अर्को सान्जुहाङ पालुङवाको नेतृत्वको) र खम्बुवान राष्ट्रिय मोर्चा पर्दछन्। नेताहरू नयाँ सङ्घीय संरचनाले तिनका पहिचानलाई मान्यता दिनेमा ढुक्क छन्, तर केही गरी त्यसो नभएमा उनीहरू "नयाँ संविधानलाई सडकमा जलाउनेछौं" भनेर चेतावनी दिन्छन्।[७७] यी समूहहरू कहिलेकाहीं आफ्नो परम्परागत भूमिमा आदिवासीहरूको राजनीतिक र अन्य अग्राधिकार हुनुपर्छ भन्ने माग उठाउँछन्। तर यस मागले काठमाडौंमा हुने विमर्शमा जोड पकड्न सकेको छैन। मूलधारका पार्टीहरू प्रस्तावित नयाँ प्रान्तहरूको बहुजातीय बनोटमा सन्तुलन ल्याउन र बृहत्तर प्रतिनिधित्वको मागउपर नै घोत्लिरहेका छन्।

अग्राधिकार जस्तो असमावेशी उपायभन्दा आरक्षण र कोटा जस्ता सकारात्मक उपाय रोज्ने एउटा सम्भावित बाटो हुन सक्छ, तर यसबारे छलफल हुन बाँकी नै छ। उनीहरूका सङ्गठन टुक्राटुक्रामा बाँडिए पनि यी समूहहरूको जनपरिचालन गर्न सक्ने क्षमता उल्लेखनीय छ। मुख्य मुख्य लिम्बूवान समूहहरूले जनपरिचालनमार्फत विरोध प्रदर्शन गरे पनि सम्भवतः हिंसात्मक बाटो रोज्ने छैनन्।[७८]

## ८. शान्ति प्रक्रियाका अन्य प्रतिबद्धताहरू

नेपाली सेनाको लोकतान्त्रिकरण,[७९] भूमिसुधार, जबर्जस्ती बेपत्ता पारिएकाबारे र सत्य निरूपण तथा मेलमिलाप आयोग बनाउने जस्ता अति महत्त्वका प्रतिबद्धताहरू कसरी पूरा गरिने छन् त्यसबारे प्रस्टता देखिँदैन। सत्य निरूपण तथा मेलमिलाप आयोगको महत्त्व त झनै टड्कारो छ।

भट्टराई सरकारले दण्डहीनताबारे कैयन् विवादास्पद कदमहरू चालेको छ। माओवादी-मोर्चाबीचको सहमतिमा "न्यायोचित गुनासो"[८०] भन्ने आधारमा अदालतमा परेका राजनीतिक विरोध र आन्दोलनसित सम्बन्धित मुद्दाहरू फिर्ता गरिने एउटा प्रावधान परेको छ। यसको काठमाडौंमा व्यापक विरोध भयो। त्यसका कारण हत्याको अभियोग लागेका एक जना मन्त्री राजीनामा दिन बाध्य भए[८१] भने अर्का एक जना मन्त्रीमाथि पनि हत्याको आरोप लागेको छ। यो उनीहरूमाथिको अभियोग "प्रतिनिधिमूलक मुद्दा" भइसकेको एक जना मानवअधिकारकर्मी बताउँछन्।[८२] अनि मन्त्रिपरिषद्ले राष्ट्रपति रामवरण यादवसमक्ष हत्याको अभियोगमा जेल सजाय पाएका माओवादी पार्टीका सदस्यलाई माफी दिन सिफारिस गऱ्यो। त्यस कदमलाई सर्वोच्च अदालतले रोक्यो।[८३] नवनियुक्त महान्यायधिवक्ताको राजनीतिक उद्देश्यले

---

[७६] लिम्बूवान तथा खम्बुवान समूहहरूका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, नेपालः पहिचानको राजनीति र सङ्घीयता, माथि उल्लेखित।

[७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सङ्घीय लिम्बूवान राज्य परिषद् (पालुङ्वा) का उच्चस्तरका नेता, नोभेम्बर २०११। त्यस्तै, क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं र झापा, जून, जुलाई र नोभेम्बर २०११। सङ्घीय लिम्बूवान राज्य परिषद्का दुवै पक्षले पूर्वका नौवटा जिल्लालाई मिलाएर एउटै लिम्बूवान राज्य बनाउनुपर्ने माग गरेका छन्। उता खम्बुवान राष्ट्रिय मोर्चाचाहिँ किरौंती जातिका राई, लिम्बू, याख्खा र अरू सबै समूह समावेश भएको किराँत प्रदेशको माग गर्छ। यसबारे माथि उल्लेखित टिप्पणी पनि हेर्नुहोस्।

[७८] ससाना कट्टरपन्थी समूहहरू छिटफुट हिंसात्मक आक्रमण गर्न सक्षम छन्। उदाहरणका लागि, खम्बुवान संयुक्त जातीय मोर्चाले पूर्वी तराईको सहर इटहरीमा भएको एउटा विस्फोटको जिम्मेवारी लिएको थियो जसमा पाँच जना घाइते भएका थिए। "Police, four others injured in blast", myrepublica.com, ३ डिसेम्बर २०११।

[७९] अरू केही नभए पनि, नेपाली सेनाको स्वाधीनता भने पुनःस्थापित भएको छ। १ नोभेम्बरको सहमतिमा सेनाको लोकतान्त्रिकरणको बुँदामा चर्चा नै गरिएको छैन। समायोजनको मूल प्रस्ताव सैनिक मुख्यालयले तयार पारेको थियो। माओवादी र नेकाबीच सम्झौतावार्ता चलिरहेका बेला सेनाको उच्चतहसित परामर्श गरिएको थियो। समायोजनपछि नेपाली सेनाको सङ्ख्याले १००,००० नाघ्ने भएको छ। त्यसैले नेपाली सेनाले आफ्नो पुनर्संरचनाका लागि भनेर मध्यम तथा उच्चतहको अधिकृतहरूको सङ्ख्या वृद्धि गर्ने प्रस्ताव पनि गरेको छ। नयाँ हतियार खरिद नगरिएको भए पनि सन् २००६ देखि नै सेनाको बजेट भने वर्षैपिच्छे बढेको बढ्यै छ। माओवादी लडाकूहरूलाई समायोजन गर्नाका लागि बनाइने नयाँ महानिर्देशनालयका लागि रक्षा मन्त्रालयको नभई अर्कै शीर्षकबाट खर्च विनियोजन गरिने भएको छ। सेनाको लोकतान्त्रिकरण र यसको आकार सानो बनाउने तथा राष्ट्रिय सुरक्षा नीतिसमेतका बारे सल्लाह दिन बनाइने भनिएको सुरक्षा संरचना तथा नेपाली सेनाको आकार घटाउनका लागि लागू गरिने स्वेच्छिक अवकाश योजनाबारे प्रस्तावित कार्यका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित।

[८०] नेका सदस्य र एक जना माओवादी कानुन व्यवसायीको विचार थाहा पाउनका लागि हेर्नुहोस् "Experts poles apart on conflict-era cases", *The Kathmandu Post*, २१ सेप्टेम्बर २०११।

[८१] माओवादी मन्त्री प्रभु शाह विरुद्ध सन् २०१० मा विरगन्जमा एक जना हिन्दूवादी कार्यकर्ताको हत्यामा संलग्न भएको अभियोगमा वीरगन्जमा मुद्दा दायर भएपछि विपक्षीहरूको चर्को दवाबका कारण मन्त्री पदबाट हटाइए। "In the eye of the storm: Sah quits…", *The KathmanduPost*, १७ अक्टोबर २०११। यसअघिको सरकारमा पनि यातना र हत्यामा संलग्न भएर मानवअधिकार उल्लङ्घन गरेको अभियोग लागेका माओवादीका केन्द्रीय नेता अग्नि सापकोटा मन्त्री भएका थिए। उनले पनि राजीनामा त गरे, तर मन्त्रिपरिषद् पुनर्गठनको निहुँमा। "Mahara, Sapkota call it quits", *The Kathmandu Post*, २७ जुलाई २०११।

[८२] सापकोटाकै मुद्दामा पोलिएका सूर्यमान दोङ अहिलेको सरकारमा राज्य मन्त्री बनाइएका छन्। "Dong's appointment as minister raises hackles", *The Kathmandu Post*, ७ नोभेम्बर, २०११।

[८३] "Dhungel pardon plea: To pardon or not to pardon, Prez ponders", *The Kathmandu Post*, १३ नोभेम्बर २०११। सरकारको माफी दिने निर्णयलाई रोक्दै सर्वोच्च अदालतले गरेको आदेशमा भनिएको छ, यो निर्णयले ढुङ्गेललाई जन्मकैद गर्ने फैसला कार्यान्वयन गरिपाउन निवेदन परेको हुनाले यो मुद्दा अदालतको विचाराधीन छ, सरकारको यस निर्णयले भविष्यमा समेत न्यायिक

अभिप्रेरित सबै मुद्दाहरू फिर्ता लिइनेछ भन्ने भनाइबाट राजनीतिक उच्चवर्गमा न्यायका सिद्धान्तप्रति कुनै आदर हुँदैन भन्ने धारणालाई बल पुऱ्याएको छ।[८४] "सबै राजनीतिक पार्टीहरू अपराध गर्नलाई लाइसेन्स दिने एजेन्सीहरू जस्ता भएका छन्", नाम चलेका एक जना मानवअधिकारवादी वकिलले भने।[८५] सरकारको यो कदम नोभेम्बर १ तारिखको सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएकाबारे आयोग बनाउने सम्बन्धमा पार्टीहरूले पुनः प्रतिबद्धता जाहेर गरेपछि आएको छ। यी आयोगहरू बनेका अवस्थामा सैद्धान्तिक रूपमै भए पनि अनेक सवालहरू पर्घेल्नलाई टेक्ने आधार र कार्यविधिहरू प्राप्त हुनेछन्। कुन अपराधलाई चाहिँ राजनीति अभिप्रेरित भन्ने र त्यसको निसाफ कसले गर्ने त्यसबारे कुनै निधो भएको छैन। त्यसैगरी कुनै अभियोग या मुद्दा यसै फिर्ता लिने हो वा त्यसबारे अनुसन्धान गरिने हो र पछि अपराधका भागीदारहरूलाई माफीका लागि सिफारिस कसरी गरिने हो भन्ने सम्बन्धमा पनि कुनै सहमति बनेको छैन। नेपाली सेनाका सैनिकहरूको संलग्नता भएका मुद्दाहरूका लागि छुट्टै नयाँ कानुनको तर्जुमा गर्नुपर्ने हुन्छ। अहिलेसम्म त्यस्ता मुद्दाहरू सैनिक न्यायालयले मात्रै हेर्ने गरेको छ र पूरै दण्डहीनतामा टुङ्गिने गरेको छ। राजनीतिक दबाबले गर्दा पीडित र तिनका परिवारले अझै पनि स्थानीय प्रहरी थानामा जाहेरी उजुरीसमेत दर्ता गर्न सकेका छैनन्।[८६]

हुन त प्रतिपक्षले सरकारको यस कदमलाई सरकारलाई प्रहार गर्ने लट्ठीका रूपमा प्रयोग गर्नेछ, तर यस विषयलाई विश्वासका साथ अथवा प्रजातान्त्रिक न्यायको आदर्शको अनुसरणका लागि उठाइएको होइन। कुनै पनि पार्टी वा नेताहरू युद्धकालमा उनीहरूका जिम्मेवारी वा क्रियाकलापको र केही घटनाका आधारमा भन्ने हो भने अपराधको सञ्जालसित अहिले रहेको उनीहरूको साठगाँठ उपर खोजीनीति गरिएको हेर्न चाहँदैनन्। अहिलेसम्माका सबै सरकारहरूले र वास्तवमा द्वन्द्वका बेला र त्यसपछिको समयमा महत्त्व राख्ने पात्रहरूले कुनै न कुनै समयमा कानुन तोडेको अभियोग लागेका व्यक्तिहरूलाई ढाकछोप गरेका छन्, राजनीतिक प्रतिद्वन्द्वी विरुद्ध हिंसा प्रयोग गरेका छन्, एकपक्षीय तवरले राजनीति अभिप्रेरित भनेर मुद्दाहरू फिर्ता लिने काम गरेका छन् वा पीडितहरूले मुद्दा अघि बढाउन नसकुन् भनेर फौजदारी न्याय प्रणालीमा दबाब दिएका छन्।[८७]

माओवादी नेताहरू विस्तृत शान्ति सम्झौताको हवाला दिन्छन्, जसले राजनीति अभिप्रेरित मुद्दाहरू फिर्ता लिने अनुमति दिएको छ। उनीहरू अन्तरिम संविधानको उल्लेख गर्छन् जसले माफी दिने अधिकार दिएको छ। अरू राजनीतिक पार्टीहरू युद्धकालमा भएका ज्यादतीहरूबारे न्याय र क्षतिपूर्ति कसरी दिलाउने भन्ने गाह्रो काममा ध्यान दिनुको साटो व्यक्तिगत घटनामा आफ्नो ध्यान केन्द्रित गरिरहेका छन्। नेपाली सेनाचाहिँ आफ्ना सैनिक र अधिकृतहरू विरुद्ध परेका मुद्दाहरू कसरी फिर्ता गराउने वा माफीद्वारा डिसमिस गराउने कसरतमा लागेको छ र सरकार पनि सेनालाई खुसी पार्न तयार रहेको देखिन्छ।[८८]

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय चर्चित मुद्दाका दोषीहरूलाई सजाय गराउन जोड दिइरहेछन्, त्यसबाट निसाफ पाउन सकिन्छ भन्ने महत्त्वपूर्ण सन्देश जान्छ र दण्डहीनतालाई चुनौती पनि मिल्छ। तर यो कुरा पीडितहरूको प्राथमिकतासित मेल नखान सक्छ, खासगरी त्यस्ता मुद्दाहरू जसलाई चर्चित मान्न सकिँदैन। उनीहरूको चासोको विषय क्षतिपूर्ति र हराएका आफन्तलाई के भयो भनी जान्ने

---

प्रक्रियालाई कमजोर बनाउँछ, साथै सरकारको यस निर्णयबाट अदालतको आदेशको अपहेलना गरेको ठहर्छ। युद्धकालीन घटनाहरूका आधारमा कानुनी कार्बाही गरिने छैन भनेर आफ्ना कार्यकर्ताहरूलाई आश्वस्त पार्नुपर्ने चर्को दबाब भट्टराईमाथि परेको छ। साह र सापकोट जस्ता आरोपीहरू पार्टीका महत्त्वपूर्ण सङ्गठनकर्ता पनि हुन्। प्रचण्ड, भट्टराईलगायत अरू उच्चस्तरका माओवादी नेताहरूमाथि पनि सयौं अरू मुद्दाहरू परेका छन्। त्यस्ता धेरै मुद्दा त कानुनी रूपमा फितला छन्, तर पनि पार्टीका नेताहरूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पो पुर्याईने हो कि भन्ने आशंका पार्टीभित्र अझै व्याप्त छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारवादी, अन्तर्राष्ट्रिय पर्यवेक्षक, माओवादी पार्टी सदस्य, काठमाडौं, अक्टोबर, नोभेम्बर र डिसेम्बर २०११।

[८४] "AG discloses plan to retract cases", *Republica*, १५ सेप्टेम्बर २०११।

[८५] कानुन व्यवसायीहरू के पनि भन्छन् भने पार्टीहरूले राजनीतिसँग सम्बन्धै नदेखिएका मुद्दाहरू फिर्ता लिन सिफारिस गर्ने गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेप्टेम्बर २०११, काठमाडौं।

[८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी, अक्टोबर २०११।

[८७] उदाहरण बग्रेल्ती छन्। उस बेला सरकारको नेतृत्व गरिरहेको दल एमालेले विराटनगरमा एक जना पत्रकारमाथि जून २०११ मा साङ्घातिक आक्रमण गरेको आरोप लागेका पर्शुराम बस्नेतको बचाउ गरेको सबैले देखेका थिए। बस्नेत पार्टीको युथ फोर्सका केन्द्रीय नेता हुन्। "Parshuram Basnet in city", *The Himalayan Times*, १९ जुलाई २०११। सन् २००८ मा संविधानसभाको निर्वाचन हुनुभन्दा केही दिनअगाडि मात्रै दाङमा केही पनि नगरी बसेका बेला माओवादीका सात जना कार्यकर्ता नेका नेता र भूतपूर्व गृहमन्त्री खुमबहादुर खड्काको सुरक्षामा खटिएका सशस्त्र प्रहरी बलका सुरक्षा कर्मीद्वारा मारिएका थिए। "Five Maoists killed in police firing", hamropalo.com, ८ अप्रिल २००८। गिरिजाप्रसाद कोइरालाको सरकारले सन् २००७ मा रुक्माङ्गद कटवाललाई नेपाली सेनाको प्रधानसेनापतिमा नियुक्त गऱ्यो। जनआन्दोलन २००६ का समयमा भएको शक्तिको दुरुपयोगसम्बन्धी छानबिन गर्न गठित रायमाझी आयोगले उनलाई कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो। दमाकान्त जैसी, Damakant Jayshi, "Let Katawal, Khadka retire on time", myrepublica.com,१६ जून २००९। सन् १९९० को आन्दोलनपछि बनेका सबै सरकारहरूले र गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले समेत राजनीतिक प्रकृतिको भन्दै थुप्रै मुद्दा फिर्ता लिएका थिए। South Asia Forum for Human Rights, "Impunity in Nepal", safhr.org. यातना र हत्या जस्ता युद्धकालमा भएका ज्यादतीबारे मुद्दा दिन चाहेर पीडित परिवारहरूले अहिले पनि अनेक अप्ठेरा सामना गर्नुपरिरहेका बारे धेरै विवरण मानवअधिकारकर्मीसँग उपलब्ध छन्।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकारहरू, डिसेम्बर २०११। ढुङ्गेललाई माफी दिने निर्णयको बचाउ गर्दै प्रधानमन्त्री भट्टराईले काठमाडौंको भैरवनाथ गणमा सन् २००३ मा ४९ जना शङ्कास्पद माओवादी कार्यकर्ताहरूलाई यातना दिएर जबर्जस्ती बेपत्ता पार्ने काममा जिम्मेवार नेपाली सेनाका अधिकारीहरूलाई पनि कुनै कारबाही गरिने छैन भनेका छन्।कान्तिपुर टिभीका भूषण दाहालसँगको अन्तर्वार्ता, १५ नोभेम्बर २०११।

चाहना हो।[८९] यस्ता सरोकार एकअर्कासित असम्बन्धित नहुन सक्छन्। प्रस्तावित सत्य निरूपण र मेलमिलाप आयोगले सामना गर्नुपर्ने चुनौतीहरू यस्ता विभिन्न चाहनाहरूलाई सन्तुलित गर्नु हुनेछ।

यस सन्दर्भमा तदर्थ रूपमा माफी दिइने र मुद्दा फिर्ता गरिने कार्य राम्रो होइन र कतिपय अवस्थामा गैरकानुनी पनि हो। एकपक्षीय निर्णयबाट यस्तो कार्य गरिनु हुँदैन र सत्य निरूपण तथा मेलमिलाप आयोग राजनीतिक उच्चवर्गका लागि मेलमिलापको नाममा युद्धकालमा भएका अपराधहरूलाई गुन्द्रीमुनि लुकाउने औजार बन्नु हुँदैन। राजनीतिक पार्टीहरू, मानवअधिकारवादी समुदाय र पीडितहरूबीच आपस्तमा राजनीति अभिप्रेरित मुद्दाको वर्गीकरण गरिने सिद्धान्तहरू सम्बन्धमा र साथसाथै दण्डहीनतालाई रोक्ने, स्थिरता सुनिश्चित तुल्याउने र क्षतिपूर्तिको न्यायोचित माग पूरा गर्नेबारे विमर्श हुनुपर्छ।

अहिलेसम्म मेलमिलापबारे खासै कुरा उठेको छैन। चाहे ती राजनीतिक पार्टीका सदस्य हुन् या मानवअधिकार संरक्षणकर्ता, काठमाडौंका सबै सम्बन्धित व्यक्तिहरूले कठिन निर्णय लिनुपर्ने हुन्छ। यदि उनीहरूले अहिले दुवै पक्षका केहीलाई सजाय दिलाउने र बाँकी मुद्दाहरूलाई हालका लागि पन्छ्याएर राख्ने भनेर निष्कर्ष निकाल्छन् भने त्यही नै हुन्छ। तर पीडितहरूको चाहना त्यतिले पूरा हुँदैन। न त यसबाट पार्टीहरूले भिन्नभिन्न विचार र युद्धकालमा अपनाइएका जुक्तिहरूबारे बुझाएर तिनमा सामञ्जस्य ल्याउने प्रयास गरे भन्ने सन्देश जान्छ न त फौजदारी न्याय प्रणालीमा सुधार नै आउँछ।

## ९. निष्कर्ष

नकारात्मक विचार राख्नेहरू र शङ्कालुहरूको शङ्काभावका बाबजुद शान्ति प्रक्रिया अन्ततः गतिलोसित अघि बढिरहेको छ र शान्ति प्रक्रिया अहिले पनि उत्तिकै सान्दर्भिक तथा आवश्यक छ। आक्रोश र गुमेका अवसरहरूका कारण यसअघि यसको गति सुस्त हुन गएको थियो। माओवादी सम्बन्धमा नयाँ दिल्ली र मधेसी पार्टीहरूका परिवर्तित दृष्टिकोणबाट नेकाले धोका पाएको महसुस गर्‍यो। सायद यी दुवै पक्षबाट यस्तो कदापि हुँदैन भन्ने नेकाको विचार थियो होला। तर पनि नेका भविष्यप्रति उत्सुक नै देखिन्छ। एमालेको ठूलो हिस्साको अनुभूति पनि यसभन्दा फरक छैन। माओवादी पार्टीभित्र अझै पनि आक्रोश र धोखाबाजीको गत्यात्मकताले काम गरिरहेको छ। हालैको पुनर्रेखाङ्कनले राजनीतिमा संलग्न नेपालका सबै पात्रहरूलाई के स्मरण गराउने काम गरेको छ भने राजनीतिमा कोही पनि स्थायी शत्रु वा मित्र हुँदैन र प्रजातान्त्रिक गठबन्धन राजनीतिको जुन अवस्थामा नेपाल अहिले छ त्यस्तो अवस्थामा विचारका धाँजाहरूले ठाउँ फेरिरहन्छन् र व्यक्ति तथा पार्टीहरूमा देखिने ध्रुवीकरण अपरिवर्तनीय रहँदैन।

शान्ति प्रक्रियामा पार्टीहरूले व्यक्त गरेका धेरै प्रतिबद्धताहरूमा निकै फेरबदलहरू भइसकेका छन्। तर यस प्रक्रियालाई पूरै नङ्ग्याएर टिकाउ शान्तिको निर्माण हुन सक्तैन। नामको लागि गरिएको समायोजन, घारघुर पारेर बनाइएको संविधान र कुनै संस्थागत सुधार नगर्नु प्रक्रियालाई नङ्ग्याउनु हुनेछ। पार्टीहरूले विशेषगरी सङ्घीयताबारे छलफल गर्दा काठमाडौंका उच्चवर्गबीचका कुराहरू मात्र सल्ट्याएर पुग्दैन भन्ने बुझ्नुपर्छ। सङ्घीयताको अवधारणा र पहिचानको मान्यताको सवाल धेरै समय लिएर यहाँसम्म आइपुगेको छ र धेरै आम नागरिकका लागि अहम् विषय बनेको छ। राजधानीबाहिर पहिचानमा आधारित समूहहरू केही समय यतादेखि परिचालित भइराखेका छन्। सामाजिक ध्रुवीकरण सजिलैसित तिखारिन सक्नेछ। काठमाडौंभित्र र बाहिरका राजनीतिक नेताहरू तथा सबै प्रकारका नागरिक समाजले अलचिलो लाइन र सङ्कीर्ण राष्ट्रवादको आकर्षणबाट आफूलाई जोगाउन सक्नुपर्छ। यो निकै गाह्रो काम हो। किनभने यसबाट शक्तिको परम्परागत चाँजोपाँजो खल्बलिन्छ, तर त्यसबाहेक विकल्पका अरू ढोकाहरू पनि बाँकी रहने छैनन्। त्यसैले यो जरुरी छ। राजनीतिज्ञहरू आफूले नेपाली जनतालाई राज्यको गहन रूपान्तरण ल्याउने जुन वचन दिएका थिए त्यो बिर्सनाले आइपर्ने खतराबारे सजग हुनुपर्छ।

**काठमाडौं/ब्रसेल्स, १३ डिसेम्बर २०११**

---

[८९] उदाहरणका लागि, हेर्नुहोस्, Simon Robins, "Transitional justice as an elite discourse: Human rights practice between the global and the local in post-conflict Nepal", Critical Asian Studies क्रिटिकल एसियन स्टडिज, (प्रकाशोन्मुख)।

# अनुसूची क

# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १३० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र चर्किएको द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। द्वन्द्व सुरु हुन सक्ने, बढ्न सक्ने र दोहोरिन सक्ने देशहरू अथवा छेउछाउका देशहरूमा क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकका टोलीहरू काम गर्दछन्। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ र त्यसका साथै क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। त्यसबाहेक क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

राजनीतिक, कूटनीतिक र व्यापारिक क्षेत्र तथा सञ्चार जगत्का प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीति-निर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सभापतित्व पूर्व अमेरिकी राजदूत टमस पिकरिङले गर्नुहुन्छ। सन् २००९ को जुलाईदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा लुइस आर्बर रहनुभएको छ। उहाँ राष्ट्रसङ्घीय मानवअधिकारका पूर्व उच्च आयुक्त हुनुहुन्छ र उहाँले पहिलेको युगोस्लोभिया र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी विशेष अदालतको प्रमुख अभियोक्ता भएर काम गरिसक्नुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यो संस्था दर्ता भएको छ), न्युयोर्क र लन्डनमा रहेका छन्। यसका सम्पर्क कार्यालय मस्को र बेइजिङमा स्थापित गरिएका छन्। हाल सञ्चालनमा रहेका यस संस्थाका नौओटा क्षेत्रीय कार्यालयहरू विस्केक, बोगोटा, डाकार, इस्लामावाद, स्तानबुल, जर्कार्ता, नैरोबी, प्रिस्टिना र तिबलिसीमा छन् र स्थलगत अनुसन्धानका लागि १४ अतिरिक्त स्थानमा कार्यालयहरू (बाकु, ब्याङ्कक, बेरुत, बुजुम्बुरा, दमास्कस, डिली, जेरुसेलम, काबुल, काठमाडौं, किन्सासा, पोर्ट-औ-प्रिन्स, प्रिटोरिया, साराएभो र सिओल) मा छन्। क्राइसिस ग्रुपले द्वन्द्वका सम्भावना भएका र द्वन्द्वग्रस्त रहेका चारओटा महादेशका ६० भन्दा बढी क्षेत्रहरू उपर ध्यान दिने गरेको छ। यीमध्ये अफ्रिकामा बुरुन्डी, क्यामरुन, मध्य अफ्रिकी गणतन्त्र, चाद, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, गिनी-बिसाउ, केन्या, लाइबेरिया, म्याडागास्कर, नाइजेरिया, रुवान्डा, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबे तथा एसियामा अफगानिस्तान, बाङ्लादेश, बर्मा/म्यानमार, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, नेपाल, उत्तर कोरिया, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का, ताइवान, ताजिकिस्तान, थाइल्यान्ड, तिमोर-लेस्ते, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अरमेनिया, अजरवैजान, बोस्निया-हर्जगोभिना, साइप्रस, जर्जिया, कोसोभो, म्यासोडोनिया, रसिया (उत्तर ककेसस), सर्विया र टर्की तथा मध्यपूर्व र उत्तर अफ्रिकामा अल्जेरिया, इजिप्ट, खाडीका मुलुकहरू, इरान, इराक, इजरायल-प्यालेस्टाइन, लेबानन, मोरक्को, साउदी अरबिया, सिरिया र यमन तथा ल्याटिन अमेरिकामा क्यारेबियन, बोलिभिया, कोलम्बिया, इक्वेडोर, ग्वाटेमाला, हाइटी र भेनेजुयला पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था तथा व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषका लागि रकम जुटाँउछ। हालका वर्षहरूमा विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराएका छन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एआईडी), अस्ट्रेलियाको परराष्ट्र तथा वाणिज्य मन्त्रालय, अस्ट्रियाको विकास संस्था, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानाडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानाडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी (सीडा), क्यानाडेली अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, डेनमार्कको परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, युरोपेली आयोग, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सको परराष्ट्र मन्त्रालय, सङ्घीय जर्मनको विदेश विभाग, आयरल्यान्डको आइरिस सहयोग संस्था, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिख्टेन्स्टाइनको सरकार, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मन्त्रालय, स्लोभेनियाको परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अरब इमिरेट्सको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी), संयुक्त अधिराज्य बेलायतको आर्थिक तथा सामाजिक अनुसन्धान परिषद् र अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) छन्।

क्राइसिस ग्रुपलाई हालका वर्षहरूमा आर्थिक अनुदान उपलब्ध गराउने संस्था र निजी गुठीहरू निम्न छन्: Carnegie Corporation of New York, The Charitable Foundation, Clifford Chance Foundation, Connect U.S. Fund, The Elders Foundation, Henry Luce Foundation, William & Flora Hewlett Foundation, Humanity United, Hunt Alternatives Fund, Jewish World Watch, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Open Society Institute, Victor Pinchuk Foundation, Ploughshares Fund, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Brothers Fund and VIVA Trust.

**डिसेम्बर २०११**